पर्यटन क्षेत्रलाई प्रविधिमार्फत जोड्दै दीपकराज जोशी | पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ७९ • २०८१ साल साउन २२ गते मंगलबार (6 August, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बंगलादेशकी प्रधानमन्त्री भारतको शरणमा

# प्रदर्शनकारीहरुद्वारा प्रधानमन्त्री निवास कब्जा, नेपालीहरु त्रासमा

**टुडे समाचारदाता**

जनकपुरधाम । बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले पदबाट राजीनामा दिएर भारतको शरणमा पुगेकी छन् । सोमबार बिहानैदेखि भएको सशक्त प्रदर्शनको सामना गर्न नसकेर उनी पदबाट राजीनामा दिँदै हेलिकोप्टर चढेर छिमेकी राष्ट्र भारतमा शरण लिएकी छन् ।

उनी पाँचौ कार्यकालका लागि गत जनवरीमा प्रधानमन्त्री चुनिएकी थिईन् । निरन्तर १५ वर्षदेखि सत्तासीन हसिना पछिल्लो कार्यकाल १ वर्ष पनि पूरा गर्न सकेनन् ।

सरकारी जागिरमा आरक्षण लागु गेरेको विरोधमा केही हप्तादेखि विद्यार्थीहरूले आन्दोलन थालेका थिए । पछिल्लो पटक आइतबारदेखि चर्केको आन्दोलन प्रधानमन्त्रीको नियन्त्रण भन्दा बाहिर पुगेपछि उनी राजीनामा दिएर देश छाडेको बिभिन्न अन्तराष्ट्रिय समाचार संस्थाहरुले जनाएका छन् ।

हसिनाको विमान सोमबार साँझ दिल्लीको हिड्न एअरबेसमा अवतरण गरेको विवरण आएका छन् । उनी भारतमा नै बस्छिन् वा अन्यत्र जान्छिन् भन्ने अहिलेसम्म थाहा भइसकेको छैन ।

तर कतिपय स्थानीय सञ्चारमाध्यमले उनी लन्डन जान सक्ने विवरण प्रकाशन गरिरहेका छन् । तर त्यसको पुष्टि भइसकेको छैन ।

प्रधानमन्त्री शेख हसिना देश छाडेपछि बंगलादेशका सेना प्रमुख जनरल वाकर-उज-जमानले सोमबार देशवासीका नाममा सम्बोधन गर्दै अब एउटा अन्तरिम सरकार गठन गरिने बताएका छन् ।

त्यसअघि सेना प्रमुख जनरल वकार-उज-जमानले शेख हसिनाले प्रधानमन्त्री पदबाट राजीनामा दिएको सार्वजनिक गरेका थिए ।उनले अब राजनीतिक संक्रमणकाल जारी रहेको र अन्तरिम सरकार गठन हुने बताए । 'सबै हत्याको न्याय हुनेछ' उनले भने, सेना प्रमुखले टेलिभिजनमा गरेको आफ्नो सम्बोधनमा सेनामाथि विश्वास गर्न र हिंसाबाट टाढा रहन आग्रह गर्दछु । 'मुलुकमा शान्ति र व्यवस्था कायम गरौं, मलाई विश्वास गर्नुहोस्, आउनुहोस् मिलेर काम गरौं ', उनले भने , 'कृपया सहयोग गर्नुहोस्, लडाइँले केही प्राप्त हुँदैन, द्वन्द्वबाट बचौं, हामीले मिलेर सुन्दर देश बनायौं ।'

'उहाँले आफ्नो व्यक्तिगत सुरक्षालाई मध्यनजर सरकारी निवास (गणभवन) छोडेर सुरक्षित स्थानमा जानु भएको छ सेनपतिले भने, प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिनुभएको छ । अब सेनाको पहलमा अन्तरिम सरकार बन्ने छ । कामचलाउ सरकारको नेतृत्व सेनाप्रमुख जमानले आँफै गर्नुहुनेछ वा अन्य कसैलाई जिम्मेवारी दिइनेछ भन्ने विषयमा उनले केही बताएका छैनन् ।

बंगलादेशको सरकारी टेलिभिजनमार्फत राष्ट्रका नाममा प्रसारण गरिएको कार्यक्रममा बंगलादेशका सेना प्रमुख जमानले सोमबार हसिनाले राजीनामा दिएको र सेनाले अन्तरिम सरकार गठन गर्ने बताएका हुन् । 'देशले धेरै क्षति व्यहोरेको छ, अर्थतन्त्र प्रभावित भएको छ, धेरै मानिस मारिएका छन् । अब, यो हिंसा रोक्ने समय हो ।' वाकरले भने, 'मलाई आशा छ, यो सम्बोधनपछि स्थितिमा सुधार आउनेछ ।'

आन्दोलनका क्रममा आइतबार ९४ जनाको मृत्यु भएको थियो भने अहिलेसम्म कम्तीमा ३ सय जनाको मृत्यु भएको विभिन्न समाचाार माध्यमहरुले अस्पताल, सुरक्षाकर्मीहरुलाई उद्धृत गर्दै बताएका छन् । मृत्यु हुनेमा बालबालिका, महिलासहित कैयौं सर्वसाधारण रहेका स्थानीय मानव अधिकारवादी समूहले जनाएका छन् ।

प्रधान सेनापति वकर उज्जामनले आफू राष्ट्रपति मोहम्मद शहाबुद्दिनसँग भेट गर्न जाने बताउँदै कुनै "समाधान" हासिल हुने पनि बताए । तर सरकारको नेतृत्व कसले गर्ने भन्ने स्पष्ट भएको छैन ।

विपक्षी दलहरूले बहिष्कार गरेको निर्वाचनमा उनको र उनको दल अवामी लीगको विजय निश्चितप्राय: थियो । विपक्षी बंगलादेश नेशनललिस्ट पार्टी (बीएनपी) र त्यसका साझेदार हरूले हसिनाले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउँछिन् भन्नेमा विश्वास नभएको बताएका थिए ।

उनीहरूले प्रधानमन्त्रीले पद छाड्नुपर्ने र तटस्थ अन्तरिम सरकार गठन गरेर त्यसमार्फत् निर्वाचन गराइनु पर्ने माग राखेका थिए । उनले ती माग अस्वीकार गरेकी थिइन् ।

उनी देशका संस्थापक प्रधानमन्त्री बंगबन्धु शेख मुजिबुर रहमानकी छोरी हुन् । शेख हसिनाका बुवा शेख मुजिबुर रहमान र उनको परिवारका अधिकांश सदस्यको सन् १९७५ मा सैन्य कूका बेला हत्या भएको थियो । त्यतिबेला हसिना र उनकी बहिनी विदेश यात्रामा थिए । उनीहरू निर्वासनमा बस्न भारत गएका थिए ।

सन् १९८१ मा उनीहरू स्वदेश फर्किए । अरू राजनीतिक पार्टीसँग मिलेर प्रजातन्त्रका लागि सैन्य सरकारविरुद्ध गरेको आन्दोलनपछि हसिनाको राष्ट्रिय छवि बन्यो ।


सन् १९९६ मा पहिलो पटक प्रधानमन्त्री बनेकी उनी त्यसपछिको निर्वाचनमा बेगम खालेदा जियासँग सन् २००१ मा पराजित भइन् ।

सन् २००९ देखि उनले निरन्तर सत्ताको नेतृत्व गर्दै आएकी थिइन् । उनी बंगलादेशमा सर्वाधिक समय शासन गर्ने नेतृ हुन् ।



> बंगलादेशमा रहेका नेपाली छात्रहरु त्रासमा छन् ।बंगलादेश स्थित नेपाली राजदूतावासले नेपालीहरुलाई उच्चसतर्कता अपनाउन आग्रह गरेको छ । स्थिति सामान्य नभए सम्म घर भन्दा बाहिर ननिस्कन राजदूतावासले जानकारी गराएको छ । बंगलादेशमा इन्टरनेट सेवा बन्द रहेको छ । दूतावासका अनुसार त्यहाँ करिब ४०० नेपाली छन् । त्यहाँ अध्ययनरत अधिकांश नेपाली विद्यार्थी नेपाल फर्किइसकेका छन् । बाँकी रहेकाहरूसँग दूतावासले निरन्तर सम्पर्क गरिरहेको जनाएको छ । नेपाल फर्किन चाहनेलाई दूतावाससँग समन्वय गरेर सुरक्षा प्रबन्ध सुनिश्चित भएपछि मात्रै यात्रा गर्न समेत अनुरोध गरिएको छ ।




## केन्द्रीय समिति बैठक २७ गते

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादीपार्टी(जसपा)नेपालको केन्द्रीय समिति बैठक साउन २७ गतेदेखि हुने भएको छ । गत जेठ महिनाको अन्तिम हप्ता जनकपुरधाममा सम्पन्न महाधिवेशनपछि चयन भएको २ सय १५ सदस्यीय केन्द्रीय समितिको बैठक पहिलो पटक बस्न लागेको छ ।

बैठकको पहिलो २ दिन समाजवादलगायतका विषयमा प्रशिक्षण र अर्को दुई दिन पार्टीको भावी रणनीति, संगठन सुदृढीकरण लगायतका विषयमा केन्द्रित रहने प्रवक्ता मनिष सुमनले जनाएका छन् ।

पार्टीमा हाल पदाधिकारीहरु चयन भएको छैन । प्रवक्ता सुमनका अनुसार केन्द्रीय समितिको पहिलो बैठकपछि पदाधिकारीहरु चयन हुनेछ । पदाधिकारी चयन गर्ने सम्पूर्ण अधिकार पार्टी अध्यक्ष उपेन्द्र यादवलाई दिएको उनले बताए । जसपा नेपालले संघीय सरकारलाई विश्वासको मत दिएपनि संघ र प्रदेशमा सरकार बाहिर रहेको छ ।



# राष्ट्रियसभा: विपद्जन्य घटनामा उद्धार र राहतको प्रभावकारी व्यवस्था गर्नुपर्नेमा जोड

काठमाण्डु । राष्ट्रियसभाको बैठकमा सांसदहरुले बाढी, पहिरो, डुबान, बस दुर्घटना, हवाई दुर्घटनालगाय प्राकृतिक विपद्मा परेका पीडित नागरिकलाई तत्काल उद्धार, राहत र क्षतिपूर्तिको व्यवस्था मिलाउन सरकारसमक्ष माग गर्नुभएको छ ।

सोमबारको बैठकको विशेष समयमा बोल्दै सांसद जगप्रसाद शर्माले वर्षातको समयमा आएको बाढी, पहिरो डुबानका साथै बस तथा हवाई दुर्घटनालगायत प्राकृतिक विपद्जन्य घटनामा मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो । उहाँले शोकसन्तप्त परिवारजनमा गहिरो समवेदन प्रकटन गर्दै ती घटनामा आवश्यक उद्धार, राहत र क्षतिपूर्तिको व्यवस्था गर्न सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद शर्माले स्थिर सरकार, संविधानको संशोधन र समृद्धिको नाराका साथ अगाडि बढेको वर्तमान सरकारको कार्यकाल सफलताको शुभकामनासमेत व्यक्त गर्नुभयो । उहाँले संविधान संशोधन गरेर प्रभावकारी कार्यान्वयन गर्ने विषय स्वागतयोग्य रहेको भन्दै संविधान निर्माणमा महत्वपूर्ण भूमिका खेलेका परिवर्तनकारी शक्तिको भावनालाई पनि समटेर संशोधन गरि नुपर्नेमा जोड दिनुभयो ।

सांसद कृष्णबहादुर रोकायले मनसुनजन्य विपद्का घटना न्यूनीकरण गर्न सरकारले विशेष पहल गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सङ्घीय सरकारले प्रदेश र स्थानीय तहसँग समन्वय गरी विपद्का न्यूनीकरणसम्बन्धी प्रभावकारी योजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने खाँचो औंल्याउनुभयो ।

सांसद रोकायले जागरकोट भूकम्पका पीडित नागरिक मनुसुनजन्य विपद्का कारण थप पीडामा परेका, गत असार ३१ गते राति परेको अविरल वर्षाका कारण रुकुमपश्चिमका भिनचौर, खोला, तातोपानी खोला र डावाखेत खोलामा आएको बाढीले ठूलो धनजनको क्षति भएको भन्दै पीडितलाई राहत र क्षतिपूर्तिको व्यवस्था मिलाउन माग गर्नुभयो ।



उक्त घटनामा बेपत्ता डिल्लिबहादुर बुढाथोकीको अवस्था हालसम्म अज्ञात रहेको भन्दै सोही घटनामा धनिषा पुन, हितमाया पुन र मनिषा सार्कीको मृत्यु भएको सांसद रोकायले जानकारी दिनुभयो ।


जिल्लाका अन्य भेगमा भएको विपद् जन्य घटनाका पीडितलाई क्षतिपूर्तिको व्यवस्था मिलाउन उहाँले सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद घनश्याम रिजालले हालै सौर्य एयरलाइन्सको विमान दुर्घटना, त्रिशुली नदिमा दुई बस बेपत्ता भएको घटनासहित देशका विभिन्न स्थानमा बाढी, पहिरोलगायत विपद्जन्य घटनामा ठूलो जनधनको क्षति भएको भन्दै विपद् जन्य घटना न्यूनीकरण गर्न सरकारले योजनाबद्ध पहल थाल्नुपर्नेमा जोड दिनुभयो ।

सांसद रिजालले विभिन्न घटनामा मृत्युभएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै मृतकका परिवारजनमा गहिरो समवेदना व्यक्त गर्नुभयो । उहाँले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ताको खोज तथा उद्धारलाई प्रभावकारी बनाउन सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद रिजालले संविधान संशोधनको क्रममा संविधानमा रहेका समानुपातिक र समवोशी प्रणालीलाई निरन्तरता दिन आग्रह गर्नुभयो ।

सांसद कमला पन्तले प्राकृतिक विपत्तिका घटनाले मुलुक आक्रान्त बनेको र जनजीवन अस्तव्यस्त भएको भन्दै यसप्रति सरकार संवेदनशील बन्नुपर्ने बताउनुभयो । उहाँले संविधानमा व्यवस्था भएको संशोधनको प्रक्रिया अगाडि बढ्नु सकारात्मक रहेको, विभिन्न वर्ग, क्षेत्र र समुदायबाट संविधान समयसापेक्ष संशोधन गर्न माग आइरहेको सन्दर्भमा वृहत छलफल र बहससहित यसलाई सकारात्मक निष्कर्षमा पुऱ्याइनुपर्नेमा जोड दिनुभयो ।

सांसद पन्तले संविधान संशोधन गर्दा संविधानमा व्यवस्था भएको राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक जाती र लिङ्गको सुनुश्चित हुनुपर्ने, स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा हुनुपर्ने, प्रदेशसभाको निर्वाचन पहिलो हुने निर्वाचित हुने प्रणाली अनुरुप हुनुपर्ने तथा सङ्घीय प्रतिनिधिसभाको निर्वाचन पूर्णसमानुपातिक निर्वाचन प्रणाली अनुरुप हुनुपर्नेलगायत विषयलाई समेट्न माग गर्नुभयो । रासस

# नेपालमा केही भएन भन्ने भाष्य द्रूतमार्गले खण्डन गरेको छ : प्रधानमन्त्री ओली



बकैया । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा नयाँ प्रविधियुक्त ढङ्गले लामा सुरुङ निर्माणमा 'ब्रेक थ्रु' एउटा महत्वपूर्ण कार्य भएको बताउनुभएको छ । राष्ट्रिय गौरवको काठमाडौँ-तराई/मधेस द्रूतमार्ग (फास्ट ट्र्याक)स्थित घट्टेपाँखा-धेद्रे सुरुङको 'ब्रेक थ्रु' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नेपाल सुरुङ युगसगैँ नयाँ युगमा प्रवेश गरेकाले अब यो विकास निर्माणको गति नरोकिने दृढता व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "विगतमा जुन रफ्तारमा विकास हुनुपर्थ्यो, त्यो भएन, अब विकासको नमुना यो द्रुतमार्ग हुनेछ ।" द्रुतमार्ग अघि बढाउने सन्दर्भमा देखिएका बाधा ब्यवधानलाई समाधान गर्न सरकार तयार रहेको बताउँदै उहाँले द्रुतमार्ग निर्माणमा देखिएको व्यवधान राजनीतिक मात्र नभई अर्थतन्त्रसँग पनि जोडिएको स्पष्ट पार्नुभयो ।

नेपालमा केही भएन भन्ने भाष्य खडा गर्न खोजिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले द्रूत मार्गको सुरुङ निमार्णले त्यसलाई खण्डन गरेको बताउनुभयो । सांस्कृतिक अन्तरघुलन, राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण र पर्यटन उद्योग प्रवर्द्धन गर्न मुलुकको आत्मविश्वासको दृष्टान्तकारुपमा द्रुतमार्ग भएको बताउँदै प्रधानमन्त्री ओलीले देशमा पूर्णशान्ति र भयरहित वातावरण बनाउन प्रतिबद्ध रहेको धारणा राख्नुभयो ।

उहाँले देश विकास होस, नागरिकको जीवनस्तर माथि उठोस, सुखी नेपाली र समृद्ध नेपालका राष्ट्रिय आकाङ्क्षा पुरा होस् भन्ने दृष्टिकोणले सरकारले काम गरिरहेको उल्लेख गर्नुभयो । अप्टिकल फाइबर, फोर जी इन्टरनेटलगायतका सेवा सबै जिल्लामा पु-याउने काम अघि बढिरहेको बताउँदै प्रधानमन्त्री ओलीले द्रूतमार्गलगायतका पूर्वाधारले यस्ता कार्यक्रमलाई सहयोग पु-याउने बताउनुभयो ।

उहाँले सुरु गरेका काम समयमै सम्पन्न गर्न पूर्वाधार विकाससँग जोडिएका मन्त्रालयका पदाधिकारीलाई निर्देशन दिनुभयो । मकवानपुरको बकैया गाउँपालिका-१२ धेद्रेमा आज एक समारोहबीच प्रधानमन्त्री ओलीले काठमाडौँ-निजगढतर्फको एक दशमलव सात सय २८ किमी लामो सुरुङ ब्रेक थ्रु गर्नुभएको थियो ।

द्रूतमार्ग विसं २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको आयोजना १३ प्योकजमा विभाजन गरी निर्माण भइरहेको छ । आयोजनाअन्तर्गत विभिन्न स्थानमा निर्माण हुने ८९ मध्ये ८५ पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनका चरणमा छन् । प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ रहेको सो द्रूत मार्गको लम्बाइ ७० दशमलव नौ सय ७७ किलोमिटर छ । द्रूत मार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भूभागमा २७ मिटर फराकिलो हुनेछ ।

द्रूतमार्गमा १० दशमलव तीन सय नौ किमी लम्बाइका छ वटा सुरुङ बन्ने छन् । सो सडकमा विभिन्न स्थानमा १२ दशमलव आठ सय ८५ किमी लम्बाइका ८९ पुल निर्माण हुनेछन् । बुदुनेमा दुई विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक इन्टरचेन्ज र टोल प्लाजा निर्माण गरिने जनाइएको छ ।रासस

# प्रभु महालक्ष्मी लाइफको विजनेश एक्सिलेन्स समिट सम्पन्न

टुडे समाचारदाता

काठमाण्डु । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको विजनेश एक्सिलेन्स समिट- २०८१ सम्पन्न भएको छ ।

कम्पनीले देशैभरि फैलिएका शाखाका प्रमुखहरु र उच्च व्यवस्थापकहरुको उपस्थितिमा विजनेश एक्सिलेन्स समिट- २०८१ उत्कृष्ट कार्य सम्पादन गर्ने शाखा प्रमुखहरुलाई सम्मान गरिएको थियो । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले कार्य सम्पादनमा आउन सक्ने चुनौतिलाई अवसरको रुपमा परिणत गरी अगाडि बढ्न प्रोत्साह गरेका थिए ।




सम्पन्न भएको छ । सो कार्यक्रम साउन १८ गतेबाट साउन २० गतेसम्म ३ दिनचितवनको नारायणगढमा सञ्चालन भएको थियो ।

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत किशोर प्रसाद लामिछानेले सहभागीहरुमा स्वागत मन्तब्य राखेका थिए ।

सो कार्यक्रमको अवसरमा कम्पनीका नायब महाप्रबन्धक सोनबहादुर मगरले आगामी वर्षको व्यवसायीक रणनीति, बिक्री कला, बीमा बजारलगायत समग्र बीमा क्षेत्रको बारेमा चर्चा गरेका थिए ।

ो कार्यक्रममाप्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका ब्रान्ड एम्बेसेडर चर्चित कलाकार मनोज गजुरेलको रोचक प्रस्तुती रहेको थियो । त्यस्तै मोटिभेसनल कोच बिके विजय राजसिग्देलको उत्प्रेरणात्मक सेसन रहेको थियो । सो कम्पनीका सहायक महाप्रबन्धक टिकादत्त प्याकुरेलले कार्यक्रम समापन गरेका थिए ।

# हेमबहादुर मल्ल सम्मान, २०७९ कूटनीतिज्ञ थापालाई प्रदान गरिने

काठमाण्डु । नेपाल जनप्रशासन सङ्घले विसं २०७९ को 'हेमबहादुर मल्ल सम्मान' कूटनीतिज्ञ डा भेषबहादुर थापालाई प्रदान गर्ने भएको छ । सङ्घ र साल्ट ट्रेडिङ कर्पोरेसनद्वारा संयुक्त रुपमा सोमबार आयोजित पत्रकार सम्मेलनमा थापालाई सम्मानपत्रसहित रु दुई लाख राशिको सम्मान प्रदान गरिने जानकारी दिइयो ।

उक्त सम्मान यही साउन २३ गते विशेष समारोहकाबीच प्रदान गरिने छ ।




सङ्घले साल्ट ट्रेडिङको सौजन्यमा सो संस्थाका अध्यक्ष एवं कुशल व्यवस्थापक स्व हेमबहादुर मल्लको स्मृतिमा उक्त सम्मान स्थापना गरेको हो ।

पाँच दशकसम्म निरन्तर सार्वजनिक जीवनका आर्थिक, प्रशासनिक, प्राज्ञिक र कूटनीतिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको योगदानस्वरूप डा थापालाई सो सम्मान प्रदान गर्न लागिएको सङ्घका अध्यक्ष मधुरमण आचार्यले जानकारी दिनुभयो ।सम्मान छनोटका लागि पूर्वसचिव एवं पूर्वअर्थमन्त्री शङ्करप्रसाद कोइरालाको संयोजकत्वमा समिति गठन गरिएको थियो । सो समितिमा सङ्घका निवर्तमान अध्यक्ष कृष्णहरि बाँस्कोटा, साल्ट ट्रेडिङका अध्यक्ष प्रदीपलाल श्रेष्ठ, सचिव विन्दु विष्ट र पूर्वसचिव शिशिरकुमार ढुङ्गाना सदस्य रहनुभएको थियो ।

यसअघि सो सम्मानबाट केदारभक्त माथेमा, चाँदनी जोशी, डा भगवान् कोइराला, डा विमल कोइराला, महावीर पुन, स्व अम्बिका श्रेष्ठ, भोजराज पोखरेल, दमननाथ ढुङ्गाना, डा सुरेशराज शर्मा, खिलराज रेग्मी, उमेश मैनाली, दामोदर गौतम, डा देवेन्द्रराज पाण्डे, कुलमान घिसिङ, डा सन्दुक रुइत, डा गौरीशङ्कर लाल दास, सूर्यनाथ उपाध्याय, गोरक्षबहादुर न्हुच्छे प्रधान र भानु आचार्य सम्मानित भइसक्नुभएको छ ।

मल्ललले साल्ट ट्रेडिङको संस्थापक प्रमुख, कार्यकारी प्रमुख, निर्देशक इन्चार्ज र प्रमुख सल्लाहकार पदमा रही सेवा गर्नुभएको थियो ।प्रशासन र व्यवस्थापनका क्षेत्रमा कार्यरत प्राज्ञिक, प्रशासक र व्यवस्थापकबीचको पारस्परिक सम्बन्धलाई मर्यादित र सुदृढ गर्दै सार्वजनिक सरोकारसँग सम्वन्धित सार्वजनिक क्षेत्रको नीति निर्माण, पुनरावलोकन र मूल्याङ्कनमा पृष्ठपोषण गर्ने उद्देश्यले २०४७ सालमा सङ्घको स्थापना भएको थियो ।रासस

# निःशुल्क भोजन व्यवस्था

टुडे समाचारदाता

गौशाला । कावरियासेवासमितिलेमहोत्तरीको गौशालामा ११ हजार भन्दा बढी कावरियाहरुलाई निःशुल्क भोजन गराएका छन् ।




सोमबार टुटेश्वर महादेवबाट फर्कदै गरेका बोलबम तिर्थालुहरुलाई गौशाला २ निगौल चौक स्थित दुर्गा मन्दिरको प्रांगनमा ११ हजारभन्दा बढीलाई निःशुल्क भोजन गराइएको समितिका अध्यक्ष महेश्वर महतोले जानकारी दिए ।

प्रत्येक बर्ष साउनमा बोलबम यात्रुहरुका लागि निःशुल्क भोजनको व्यवस्था गर्दै आएकोमा यस पटकपनि त्यसलाई निरन्तर्ता दिएको अध्यक्ष महतोले बताए ।

समितिले विभिन्न दाता र समितिका पदाधिकारी तथा सदस्यहरुको आर्थिक सहयोगमा बोलबम यात्रीहरुका लागि निःशुल्क भोजनको व्यवस्था गर्दै आएको हो । यस सोमबार कतारमा काम गर्दै आएका भंगहा नगरपालिका ६ हतिसर्वाका रबिन ठाकुर र अरबिन ठाकुरले भोजनको सम्पूर्ण व्यवस्था गरेको समितिका सचिव सम्भु रामले जानकारी दिए ।

आगामी सोमबार समेत कावरिया तिर्थालुहरुको लागि निःशुल्क भोजनको व्यवस्था गरिने समितिले जनाएको छ ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | पारिवाहिक सुख । |
| वृष | धन वृद्धि सञ्चय । |
| मिथुन | प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | सुख समृद्धि हुने । |
| सिंह | भ्रमण अवसर हुने । |
| कन्या | अवसर प्राप्त । |
| तुला | वाद विवादबाट बच्नु । |
| वृश्चिक | पुरस्कार प्राप्त लाभ । |
| धनु | नयाँ कार्य हुने । |
| मकर | बौद्धिक क्षमता । |
| कुम्भ | प्रतिभा सम्पन्नता । |
| मीन | शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |




साउने सोमबारीमा मधेशको प्रशिद्ध जलेश्वरनाथ मन्दिरमा लागेको श्रद्धालु भक्तजनहरुको भिड । *तस्वीर : संजय कुमार यादव*

# लखन्देहीले भत्काएको बाँध सशस्त्र र सेनाको टोलीद्वारा मर्मत

बरहथवा । सर्लाहीको कौडेनामा बाढीले भत्काएको लखन्देही खोलाको बाँध स्थानीयको सहयोगमा सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले मर्मत गरेको छ ।

सोमबार सशस्त्र प्रहरी १० नम्बर गण कविलासी र भैरवी दलगण पाँच कुमारी ब्यारेकबाट पुगेको नेपाली सेनाको टोलीले लखन्देही खोलाको बाँध मर्मत गरेको हो । गत साउन १६ गते चुरे क्षेत्रमा भएको भीषण वर्षापछि आएको बाढीले कौडेना गाउँपालिका-५, स्थित लखन्देहीको बाँध भत्काएको थियो । बाढीले भत्काएको १५ मिटर लामो १० फिट चौडा बाँध निर्माणमा स्थानीय, सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले निर्माण गरिरहेको कौडेना गाउँपालिका-५, कि वडाध्यक्ष अनिशा खातुनले जानकारी दिनुभयो । बाँध फुटेपछि लखन्देहीको पानी कौडेना गाउँपालिका-५, स्थित छपकैया, भाडसर र खुटौना गाउँतर्फ सोभिएको थियो ।



उक्त स्थानमा खोलाले दुई सय ५० मिटरभन्दा धेरै बाँध कटान गरेको उहाँको भनाइ छ । “खोलाले अरु धेरै बाँध कटान गरेको छ”, उहाँले भन्नुभयो, “अर्को पटक ठूलो बाढी आए डेढ दुई सय बिघा खेत र दुई वटा गाउँ नै बगाउने जोखिम छ । स्थानीय, प्रहरी र सेनाको सहयोगमा अस्थायी बाँध बनाउँदै छौं । जोखिम अभै छ ।” बाँध निर्माणमा प्रहरी र सेनाको गरी ५६ जनाको टोली तथा सयौँको संख्यामा स्थानीय खटिएका उहाँले बताउनुभयो ।

यस क्षेत्रमा बलियो बाँध निर्माण गर्नुपर्ने स्थानीय रामविलास रायले माग गर्नुभयो । बाँस र बोरामा बालुवा हालेर बनाएको कमजोर बाँधका कारण हरेक वर्ष वर्षामा खोलाले गाउँ बगाउने डरमा बस्नु परेको उहाँको गुनासो छ । बाढीले बाँध भत्काएको स्थानमा बाँसको पाइलिङ गरेर बोरामा बालुवा भरेर बाँध बनाएको वडाध्यक्ष खातुनको भनाइ छ ।बाँध निर्माणका लागि गाउँपालिकाले बालुवा भर्ने बोराको व्यवस्था गरिदिएको उहाँले जानकारी दिनुभयो । खोलाले बाँध भत्काएकै दिनबाट स्थानीय मर्मतका लागि खटिरहेका छन् ।रासस

# पर्साको दुग्धेश्वरनाथ महादेव मन्दिरमा दशनार्थीको घुइँचो



वीरगञ्ज । पर्सा राष्ट्रिय निकुञ्जको संरक्षण क्षेत्रभित्र पर्ने दुग्धेश्वनाथ महादेव मन्दिरमा दर्शनार्थीको घुइँचो लागेको छ । अन्य दिनभन्दा सोमबार मन्दिरमा स्वदेशी एवं भारतीय दर्शनार्थीको भीड लागेको हो । दुग्धेश्वरनाथ महादेव मन्दिर भाथाधाम संरक्षण समितिका अध्यक्ष अलखदेवप्रसाद थारूले दुग्धेश्वर महादेवको आज दर्शन गर्नका लागि बिहानैदेखि दर्शनार्थी महादेव भगवान्को दर्शन गर्न मन्दिर परिसरमा लामवद्ध भएको बताउनुभयो । “भारतका विभिन्न राज्यबाट आइतबार बेलुका नै हजारौँ दर्शनार्थी मन्दिर प्राङ्गणमा आइसक्नुभएको छ । टाढा-टाढाका दर्शनार्थी अघिल्लो दिनमै आउने गर्नुहुन्छ । रातभर महादेवको आराधाना गरेर बिहानै जल चढाएर पूजापाठ गरेर जाने गर्नुहुन्छ ।”

पर्सा राष्ट्रिय निकुञ्जभित्रको जङ्गलको यात्रा गरेपछि चुरेपहाडको डाँडामा दुग्धेश्वरनाथ महादेव र भगवती पार्वतीको मन्दिर अवस्थित छ । चुरेको फेदी र चारकोसे भाँडीबीचको नदीभन्दा केही अग्लो भागमा महादेव र पार्वतीको मन्दिर रहेको छ । उहाँले सोमबार भारतीय र नेपाली दशनार्थीको अत्यधिक उपस्थिति हुने भएकाले पनि व्यवस्थित गर्न पनि हम्मेहम्मे पर्ने बताउनुभयो । अध्यक्ष थारूले सोमबार मात्रै एक लाखभन्दा धेरै दर्शनार्थीले मन्दिरको दर्शन गर्ने दाबी गर्नुभयो ।

पर्टेवा सुगौली गाउँपालिकाका उपाध्यक्ष ममता महतोले पनि दुग्धेश्वरनाथ महादेवको दर्शन गर्न आउने दशनार्थीको व्यवस्थापनमा जुट्दै आइरहेको बताउनुभयो । “यो पर्सा राष्ट्रिय निकुञ्जभित्र पर्ने निकै चर्चित महादेवको भाथाधाम हो”, उहाँले भन्नुभयो, “भारतका विभिन्न राज्यबाट यो मन्दिर दर्शन गर्न हजारौँ दशनार्थी आउने गर्नुहुन्छ ।” मन्दिर दर्शन गर्न दशनार्थी चारपाङ्गे सवारीसाधन, ट्र्याक्टर, मोटरसाइकल र पैदल हिँडेरै आउने गर्छन् । धेरैजसो दशनार्थी मोटरसाइकल र ट्र्याक्टर चढेर आउने गर्छन् । मन्दिरमा साउनभरि मेला लाग्ने गर्छ ।

यो मन्दिर वीरगञ्जबाट सवारीसाधनमा डेढदेखि दुई घण्टाको यात्रापछि पुगिन्छ । राष्ट्रिय निकुञ्जभित्र पर्ने भएकाले जङ्गली जनावरको जोखिम हुने भएकाले बेलुका सात बजेपछि मन्दिर जाने सडक बन्द गर्ने गरिन्छ । बिहान ६ बजेपछि भने फेरि खुलाउने गरिन्छ । अन्य सिजनमा भने पूर्णतया यहाँ जान रोक लगाइने गरिन्छ ।

प स ा ं क ा ` पोखरिया नगरपालिकाबाट दुग्धेश्वर महादेवको शनिबार दर्शन गर्न आएका जटाशङ्कर साहले महादेव मन्दिरको दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने विश्वास लिएर दर्शन गर्न आएको बताउनुभयो । “पर्सामा भएको यो ऐतिहासिक र प्राचीन महादेव मन्दिरका रूपमा चर्चित छ”, उहाँले भन्नुभयो, “परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्दै दर्शन गर्न आएका हौँ ।” वीरगञ्ज महानगरका प्रविन पटेल पनि हरेक वर्ष दुग्धेश्वर महादेव मन्दिरको दर्शन गर्न परिवारसहित आउने बताउनुभयो । “यहाँको मन्दिरमा दर्शन गरेपछि आत्मसन्तुष्टि हुने गर्छ”, उहाँले भन्नुभयो, “यस वर्ष पनि श्रीमती र छोरालाई मोटरसाइकलमै राखेर दर्शन गर्न ल्याएको हुँ ।” भाथाधाममा वैशाख त्रियोदशीको दिन बर्सेनि मेला लाग्ने गर्छ ।रासस

# हरियो चुरा, मेहेन्दी र हरियो पहिरनप्रति बढ्दो आकर्षण

जनकपुरधाम । अहिले प्रायः हिन्दू महिलाका नाडी काँचका हरिया चुरामा सजिएको देखिन्छ । साउन लागेलगत्तै उनीहरुमा छुट्टै उत्साह र उमङ्ग छाएको छ तर धेरैलाई यसको महत्व र सन्दर्भका बारेमा जानकारी नभई अर्काको देखासिकी र फरक देखिने सोखले रातो, पहेँलो र हरियो चुरापोते तथा कपडा महिलाको रोजाइमा परेको छ ।

पछिल्ला वर्षमा किशोरीहरुमा समेत मेहेन्दी र हरियो चुरा लगाउने ‘क्रेज’ बढेको छ । यसलाई धार्मिक विश्वासभन्दा पनि धेरैले फेसनका रूपमा लिने गरेका छन् । कतिपयले यसलाई अनावश्यक तडकभडकका रूपमा पनि मनाउन थालेको आरोप लाग्न थालेको छ । हातमा हरियो, रातो र पहेँलो चुरा लगाएर शिवजीको पूजा गर्दा खुसी बढ्ने कतिपय महिलाहरू बताउँछन् । धेरै महिला श्रीमान्को सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै साउनको सोमबार व्रत बस्ने गर्दछन् ।

साउनमा हरियो चुरा लगाउँदा चिताएको पुग्छ भन्ने धार्मिक विश्वासले गर्दा आफूले हरियो चुरा, मेहेन्दी र पहिरन लगाएको जनकपुरधामकी स्थानीय तथा नेपाल पत्रकार महासङ्घकी केन्द्रीय सदस्य रिङ्कु गायत्री मिश्र बताउनुहुन्छ । उहाँले भन्नुभयो, “साउन महिना धार्मिक, सांस्कृतिक एवं प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण भएकाले महिनाभरि हरियो चुरा लगाउने महिलाहरुको रोजाइमा पर्छ ।”मधेस प्रदेश चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डकी सदस्य तथा मोडेलसमेत रहेकी जनकपुरधामकी पुष्पा यादव हरियो चुरासँगै मेहन्दीले हात सजाएको बताउँदै परिवारमा भएका सदस्यका हत्केला र पाखुरामा मेहन्दी तथा चुरा देखेपछि अरूले पनि रहरले लगाउने गरेको बताउनुहुन्छ ।

जनकपुर उपमहानगरपालिका भानुचोक बस्दै आएकी सम्भना भट्टराई पनि वर्षौंदेखि साउनमा हातमा हरियो चुरा, मेहेन्दी र राता कुर्थासुरुवालमा सजिएर हिँड्ने र सोमबार व्रत बस्ने गर्नुहुन्छ । उहाँको श्रीमान् वैदेशिक रोजगारको सिलसिलामा साउदीमा हुनुहुन्छ ।

श्रीमान्को दीर्घायुको कामना गर्दै साउने सोमबारमा व्रत बस्ने गरेको उहाँको भनाइ छ । सम्भनाले आफ्नी सानी छोरीलाई हातभरि हरियो रङको चुरा र मेहेन्दी लगाइदिएको बताउनुभयो । क्षीरेश्वरनाथ नगरपालिका-५महेन्द्रनगरकीसुनिता अधिकारी साउने सङ्क्रान्तिका दिन परम्परादेखि चलिआएको लुतो फाल्ने चलन बिस्तारै हराउँदै गएको तर हरियो चुरा तथा मेहेन्दी लगाउनेको सङ्ख्याचाहिँ वर्षैपिच्छे बढ्दै गएको बताउनुहुन्छ । “पहिले गाउँघरमा मेहेन्दी पाइँदैन थियो । मेहेन्दी लगाउने चलन पनि थिएन । महिलाहरूले आँगन र बारी जतातत्तै पाइने तिउरे फूलको पात हत्केलामा दल्थे । हिजोआज तिउरेको ठाउँ मेहेन्दीले लिएको छ,” मिथिला नगरपालिकाकी महिला अधिकारकर्मी बिना कडारीले भन्नुभयो ।

हिन्दू धर्म संस्कृति मान्ने महिलाहरूमा मात्र सीमित मेहेन्दी र चुरा हिजोआज सबैजसो महिलाको रोजाइमा पर्न थालेको छ । साउन महिनामा घरायसी महिलादेखि अफिसमा काम गर्ने र ड्युटीमा खटिएका कतिपय महिला ट्राफिक प्रहरी समेतले हरियो चुरा, मेहेन्दी लगाएको देखिन्छ । साउनमा शृङ्गारका सामान अन्य महिनाको तुलनामा निकै बिक्री हुने व्यापारीहरू बताउँछन् । साउनको पहिलो दिनदेखि नै बजारमा रहेका शृङ्गार सामानका पसलमा चुरापोते, हरिया, राता, पहेँला वस्त्र खरिदकर्ताका भीड बढिरहेको छ । महेन्द्रनगरस्थित मीना शृङ्गार पसलकी सञ्चालिका मीनादेवी साहले असारको मध्यदेखि नै हरियो चुराको बिक्री बढेको बताउनुभयो ।रासस


**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना कार्यान्वयन एकाई**

**धनगढीमाई-१०, सिरहा**

## प्रस्ताव आह्वान तथा सुचिकृत सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०४/२०**

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,परियोजना कार्यान्वयन एकाई सिरहाको आ.व. १०८१/०८२ को वार्षिक स्वीकृत तपसिलका कार्यक्रमहरु कार्यन्वयन गर्नका लागि यस कार्यलयमा सुचिकृत भई जोन क्षेत्रका कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता/वन उपभोक्ता/ कृषि फर्म/कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ३० दिन (२०८१/०५/१७) भित्र यस परियोजना कार्यान्वयन एकाई सिरहा वा प्राविधिक जोन एकाई सप्तरीमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी आएका प्रस्तावहरु सामावेश गरिने छैन। थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाई, सिरहा वा प्राविधिक जोन एकाई, सप्तरिमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**:

| क्र.स | कार्यक्रम | ईकाई | परिमाण | अनुदान वितरण | जोन क्षेत्र |
|---|---|---|---|---|---|
| १ | सिँचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | ६० | परियोजनाको नियम अनुसार | सबै जोन |
| २ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग | पटक | १ | परियोजनाको नियम अनुसार | सबै जोन |
| ३ | सहभागितात्मक कृषि प्रविधि सिकाई तथा प्रदर्शनी केन्द्र | संख्या | ४ | परियोजनाको नियम अनुसार | सबै जोन |
| ४ | कृषि उपज वजारिकरण सहयोग | पटक | १ | परियोजनाको नियम अनुसार | सबै जोन |
| ५ | नयाँ मत्स्य पोखरी निर्माणमा अनुदान | हेक्टर | १३.५ | परियोजनाको नियम अनुसार | माछा जोन |
| ६ | आँप प्रशोधन उधोग स्थापना | संख्या | १ | परियोजनाको नियम अनुसार | आँप जोन |
| ७ | मत्स्य ह्याचरी निर्माण | संख्या | १ | परियोजनाको नियम अनुसार | माछा जोन |
| ८ | आँप बगैचा सदूपयोग कार्यक्रम | सँख्या | १० | परियोजनाको नियम अनुसार | आँप जोन |
| ९ | एरियटर वितरण | संख्या | १ | परियोजनाको नियम अनुसार | माछा जोन |
| १० | पोखरी डील सदुपयोग कार्यक्रम | सँख्या | १० | परियोजनाको नियम अनुसार | माछा जोन |
| ११. | सहभागितात्मक कृषि प्रविधि सिकाई तथा प्रदर्शनी केन्द्रको लागि मेशनरी औजार खरिद | पटक | २ | परियोजनाको नियम अनुसार | सबै जोन |
| १२ | नयाँ मत्स्य पोखरी निर्माणलाई सिचाई पूर्वाधार सहयोग | संख्या | २० | परियोजनाको नियम अनुसार | माछा जोन |

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:


१. रु.१० को टिकट सहितको अनुसुचि ज्ञण अनुसारको निवेदन फार्म।
२. कृषि संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण भएको)।
३. प्यान नं. को प्रतिलिपि।
४. आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
५. कार्य समितिको निर्णयको प्रतिलिपि (समुह/सहकारी/वन/जल उपभोक्ता समितिको हकमा)।
६. कृषि संस्थाको अध्यक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
७. नँया मत्स्य पोखरी निर्माण गर्ने जग्गाको नक्सा र जग्गा धनी पुर्जाको प्रतिलिपि, एकासगोल परिवारको नातामा पर्नेको हकमा सक्कल मन्जुर नामा वा भाडाको जग्गाको हकमा कम्तीमा छ वर्षको समभौता पत्र पेश गर्नु पर्ने।
८. सार्वजानिक निर्माण संग सम्वन्धित कार्यक्रम संचालन गर्न सम्वन्धित कृषि संस्थाको जग्गा/जमिनको स्वामित्व रहेको कागजात र अन्य कार्यक्रम संचालनको लागि जग्गा जमिन स्वामित्व रहेको कागजात वा भाडाको जग्गाको हकमा कम्तिमा छ वर्षको समभौता पत्रको प्रतिलिपि पेश गर्नु पर्ने।
९. स्थानिय निकायको सम्बन्धित वडाको वा कृषि/पशु सेवा शाखाको सिफारिश पत्र
१०. कार्यालयले माग गरेको अन्य कागज

**नोट**:-प्रस्तावको ढाँचा कार्यलयको वेवसाईट www.piusiraha.pmamp.gov.np वाट डाउनलोड गर्न सकिनेछ ।


# मुख्यमन्त्री कँडेललाई विश्वासको मत


काँक्रविहार । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले दोस्रो पटक विश्वासको मत प्राप्त गर्नुभएको छ । उहाँले संविधानको धारा १८८ को उपधारा २ बमोजिम विश्वासको मत पाउँ भनेर प्रदेशसभासमक्ष प्रस्ताव पेस गर्नुभएको थियो । चालीस सदस्यीय प्रदेशसभामा ३८ जना प्रदेशसभा सदस्यहरू सोमबारको प्रक्रियामा सहभागी हुनुहुन्थ्यो ।

काँग्रेस संसदीय दलका नेता जीवनबहादुर शाही निलम्वनमा हुनुभएको छ भने राप्रपा सांसद सन्तोषी शाही बैठकमा उपस्थित हुनुभएन । सभामुखसहित ३८ मध्ये मतदानमा ३७ जना सदस्य सहभागी हुनुभएको थियो । सहभागीमध्ये मुख्यमन्त्री कँडेलको पक्षमा २३ र विपक्षमा १४ मत पर्‍यो । एमाले संसदीय दलका नेता समेत रहेका कँडेललाई एमालेका नौ, काँग्रेसका १४ जना सदस्यले मत दिनुभएको थियो । मत नदिनेमा प्रतिपक्षी दल माओवादीका १३ र समाजवादीको एक जना प्रदेशसभा सदस्यहरू रहेका छन् । प्रदेश सरकार बनाउनका लागि कम्तीमा २१ मत आवश्यक पर्छ ।



मुख्यमन्त्री कँडेलले आफू कर्णालीको विकास र समृद्धिका लगातार अग्रसर भइरहने बताउनुभयो । उहाँ चैत २७ गते मुख्यमन्त्री नियुक्त हुनुभएको थियो । उहाँले वैशाख १३ गते पहिलो पटक प्रदेशसभाबाट विश्वासको मत पाउनुभएको थियो ।त्योबेला कँडेलले माओवादी र समाजवादीको समर्थन पाउनुभएको थियो । केन्द्रमा बदलिएको समीकरणसँगै कर्णालीमा पनि कांग्रेस-एमालेबीच सरकार गठन भएको छ । गत साउन ७ गते सत्तासाभेदार दल नेकपा (माओवादी)ले समर्थन फिर्ता लिएपछि उहाँले विश्वासको मत लिएको जानकारी दिनुभयो ।

सोहीअनुसार कँडेल नेतृत्वको मन्त्रिपरिषद्बाट माओवादी बाहिरिएको छ भने कांग्रेस सहभागी भएको छ । मुख्यमन्त्री कँडेलले आइतबार मात्रै कांग्रेसका चार जना मन्त्री नियुक्त गर्नुभएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

# जनवर्गको पीडा र असम्वेदनशील राजनीति



रोशन जनकपुरी

गत हप्ता चर्चाको केन्द्रमा रहेको दुईवटा सम्वेदनशील घटनाहरुले मधेश प्रदेशको राजधानी हल्लायो। पहिलो घटना, धनुषा धाम् नगरपालिकाका भोगेन्द्र ठाकुरको हत्या मिटर ब्याजी शिवजी यादवले गराएको भनेर उनलाई गिरफ्तार गरेर कार्वाहीको माँग गर्दै मिटर ब्याज पीडितहरुले शव सहित जनकपुरमा गरेको धर्ना र जुलूस प्रदर्शन थियो। र दोस्रो घटना, वरिष्ठ संगीतकार, शास्त्रीय गायक र संगीत प्रशिक्षक गुरुदेव कामतको उपचार बिना असमय मृत्यु थियो।

जन्मेपछि मृत्यु सामान्य र स्वाभाविक प्रक्रिया हो। तर जब प्रयत्न गरे बाँच्ने सम्भावना रहन्छ, तर बचाउँने प्रयत्न नै हुँदैन, त्यतिबेला एउटा असमञ्जसको स्थिति बन्छ। गुरुदेवको मृत्युमा यस्तै भएको हो। गुरुदेव कामतको दुबै मृगौला काम गर्न छाडेको र अर्थाभावमा उनी सही उपचार गराउन नसकी रहेको, प्रायः सबैलाई थाहा थियो। उनका शुभचिन्तकहरुले उनको निम्ती सहयोगी प्रयत्नपनि शुरु गरेका थिए। उनका केही निकटतम् मित्र र शुभचिन्तकको भनाईमा उनको उपचारको निम्ती प्रधानमन्त्री कार्यालयमा समेत लिखित गुहार गरिएको थियो। तर केही भएन।

विडम्बना, नागरिक समाज र राज्यको सम्वेदनशीलतालाई नंग्याइरहेको एउटा भिडियो अहिले चर्चामा छ, जस्मा गुरुदेव कामतले मधेश प्रज्ञा प्रतिष्ठानले जनकपुरमा चारघन्टा गायन कार्यक्रम गराएको तथा पारिश्रमिक दिन्छु भनेको एकलाख रुपीयाँ, यस्तो अवस्थामा पनि नदिएको आरोप लगाएका छन्। थप, यस भिडियोमा उनले पारिश्रमिकका अतिरिक्त मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्षले पत्रकार सामू एकलाख थप सहयोगगर्ने बाचापनि पूरा नगरेको भनेर तीतो भाषामा आक्रोश पोखेका छन्। अर्कोतिर मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्षले आफ्नो बचाउमा प्रतिष्ठानको लेटर प्याडमा विज्ञप्ति निकालेर गुरुदेव कामतसंग पारिश्रमिकको कुरा नभएको, सहयोग गर्ने उद्देश्य भने रहेको, तर मधेश प्रदेशको मन्त्रालय र कर्मचारीहरुको उदासीनताको कारण समयमा सहयोग गर्न नसकेको भनेर, दोष सरकार र कर्मचारीतन्त्रको टाउकोमा थोपर्न खोजेका छन। प्रतिष्ठानको विज्ञप्तिमा प्रतिष्ठान अध्यक्षले आफ्नो बचाउ गरेपनि यस्ले गुरुदेव कामतलाई झूठो बनाउँछ। फलतः गुरुदेव कामतको मृत्यु प्रकरणमा थप विवाद उत्पन्न भएको छ र नागरिक समाजभित्र मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्षप्रतिको आक्रोश झन् बढेको देखिन्छ। कतिसम्म भने जनदबाब महसुस गरेर प्रदेश सरकारले प्रज्ञा प्रतिष्ठानका अध्यक्षसंग स्पष्टिकरण समेत माँगेको छ। सामान्य विचारणीय विषय के छ भने त्यस्तो सिकिस्त बिरामी गायकलाई कुनै निश्चित पारिश्रमिकको आशा नभए उनी सामान्य सम्मानको निम्ती काठमाँडौबाट जनकपुर आउने र चार घन्टा कार्यक्रम गर्न तयार हुने नै थिएनन्। त्यसैले मधेश प्रज्ञा प्रतिष्ठानको विज्ञप्तिलाई सहजै पत्याउने स्थिति देखिँदैन। यसै कारण मधेश प्रज्ञा प्रतिष्ठान प्रति नागरिक समाजको आक्रोश बढी देखिएको हो।

गुरुदेव कामत आफू शास्त्रीय र सुगम संगीतका अत्यन्त सामर्थ्यवान गायक र संगीतकार मात्र थिएनन्, नेपाली भाषाको आधुनिक र सिनेमा संगीतमा लोचन भट्टराई र प्रमोद खरेल जस्ता उनले प्रशिक्षित गरेका सयौँ गायक र संगीतकारहरुले प्रसिद्धि पाईरहेका छन्। मैथिलीमा त सरस गीतका साथै गम्भीर र सन्देशमूलक गीत गायनको लोकप्रिय पर्याय नै थिए उनी। गुरुदेव कामतको मृत्युले संघीय र प्रदेश दुबैको सरकार र राजनीतिभित्रको सम्वेदनहीनतालाई नंग्याइदिएको छ।

गुरुदेव कामतले समयमा आर्थिक खर्च जुटाउन सकेको भए शायद उनी बाँच्न सक्थे। निजी सहयोगहरु पर्याप्त भएन। राज्यको तर्फबाट संस्कृति र साहित्य तर्फको विधामा लाग्ने सर्जकहरुप्रति समर्पित कुनै संस्था भएको भए उनको निम्ती आर्थिक बन्दोबस्त गर्न सकिन्थ्यो, शायद। यस दृष्टिले विचार गर्दा गुरुदेव कामतको मृत्युले संस्कृति, कला र साहित्यको क्षेत्रमा जिन्दगी बिताइदिने कलाकार र साहित्य सर्जकहरुको निम्ती राज्य (र सामाजिक स्तरमा समेत) स्तरमा एउटा कल्याणकोषको आवश्यकता महसुस गराउँछ। विगतमा कयौँ कलाकार र साहित्यकारहरु अर्थाभावको कारण उचित उपचार नपाएर असमय कालको ग्रास बनेका अनेकौँ उदाहरणहरु छन्।





अहिले प्रदेश सरकारले गुरुदेव कामतको सम्मानमा आधादिन झण्डा झुकाउने निर्णय गरेर आफ्नो असम्वेदनशील अनुहारको दाग पखाल्ने प्रयास गरेको छ। तर यो पर्याप्त छैन। राज्यसत्ता समयमा उपचारको निम्ती आर्थिक सहयोग जुटाउनमा सम्वेदनशील भै दिएको भए शायद गुरुदेव अहिले जीवित हुन्थे, भन्ने सम्भावनाले सरकारलाई हमेशाको निम्ती प्रश्नको कटघडामा उभ्याइ रहने छ। यस्तोमा संघ होस वा प्रदेश, सरकारले आफ्नो अनुहारको दाग पखाल्न चाहन्छ भने उसले सांस्कृतिक र साहित्यिक क्षेत्रमा माथीको मुख नताक्नु नपर्ने र समयमा आवश्य निर्णय गर्न सक्ने, आर्थिक बजेट भएको सांस्कृतिक संस्थाको विकास गराउन सक्नु पर्छ। साथै संस्कृति, कला र साहित्यको क्षेत्रमा लागेका सर्जकहरुको हितको निम्ती एउटा सक्षम कल्याणकोष खडा गर्नुपर्ने आवश्यकता तत्कालै देखिन्छ।

वस्तुतः वर्तमान राजनीतिको स्वभावमा देखिने असम्वेदनशीलता तथा संस्कृति र कलाप्रतिको उपेक्षा भाव हो, जस्ले उसलाई समयमा दायित्वबोध गराउन दिँदैन। राजनीतिक नेताहरुमा संस्कृति र कलाक्षेत्रका सर्जककरुप्रति श्रद्धाभाव भैदिएको भए उनिहरु समयमै सजग र सक्रिय हुन्थे। गुरुदेव कामत अर्थाभावमा छन्, भन्ने कुरा सबैलाई थाहा थियो, यस्तोमा राज्यतन्त्रभित्र कलाकर र सर्जकहरु प्रतिको दायित्वबोध भएको भए शायद गुरुदेव जीवित हुनसक्थे।

अर्कोतर्फ वर्तमान राजनीतिका अन्य क्षेत्र जस्तै संस्कृति, कला र साहित्यको क्षेत्रमा व्याप्त सत्ता र सत्ताधारी नेताहरु प्रतिको चाकरी भाव हो, जस्ले बौद्धिक र सांस्कृतिक क्षेत्रका अगुआहरुलाई सर्जकहरुको हितमा सत्ता र सरकारसंग दृढतापूर्वक संघर्ष गर्नबाट कमजोर बनाउँछ। संस्कृति, कला र साहित्यक्षेत्रका नेता र अगुआहरु, जो सत्ता निकट छन्, उनीहरुपनि कर्मचारी भावमा छन्। साहित्य, संस्कृति र कला क्षेत्रका सरकारी संस्थाहरु वस्तुतः साहित्य, संस्कृति र कलाको विकास र यस क्षेत्रमा सक्रिय सर्जकहरुको हितसंग सम्बन्धित संस्था हो। तर वर्तमान राज्यसत्तामा आर्थिक लूट मच्चाएर राजनेता र कर्मचारीहरु मोटाउने जुन चरित्र विकसित छ, त्यसले यी सरकारी सांस्कृतिक संस्याहरुपनि उनीहरुकै कमाउने भाँडोमा परिणत भएको छ। यस्ता संस्थाहरुमा नियुक्त हुने सांस्कृतिक र बौद्धिक अगुआहरुपनि आफ्नो आर्थिक स्वार्थ पूरागर्न र राज्यसत्तामा पसेका द्रव्यपिसाचहरुको स्वार्थपूरा गर्ने खालका नै हुने गर्छन्। यसकारण लेखन अथवा सर्जकीय प्रवृत्तिमा साहित्यिक, कलाकर्मी वा संगीतकार, जोभएपनि पद, प्रतिष्ठा र आर्थिक लाभको लोभमा अगुआ सर्जकहरु सर्जकहरुको पक्षधर भन्दापनि सत्ता राजनीतिको अंग नै बढी हुने गर्छ। राज्यसत्तामा चाकरीपसन्द सत्ताधारी नेताहरुको वर्चस्व नै हो, जस्ले पञ्चायती राजतन्त्रकाल देखीनै चाकरी र स्वस्तीगान रचेर पद र प्रतिष्ठा पाउँदै आइरहेका पात्रहरु यस गणतन्त्र र संघीयकालमा समेत वर्चस्व जमाएर बसेका छन्। वस्तुतः यो राजतन्त्रकालमा विकसित भारदारीपनाको निरन्तरता हो, जस्ले वर्तमानको राज्ययन्त्रलाई पनि प्रभावित गरिरहेको छ। गुरुदेव कामतको मृत्युले एकसाथ राजनीति, संस्कृति र साहित्यक्षेत्र, सबैक्षेत्रमा विद्यामान कृत्रिम र असम्वेदशील चरित्रलाई नंग्याइदिएको छ।

यसरी नै राजनीतिक क्षेत्रको असम्वेदनशीलता र कृत्रिमताको नग्न उदाहरण मिटरब्याजी पिडित भोगेन्द्र ठाकुरको मृत्यु हो। यसले मिटरब्याजीबाट पिडितहरुको निम्ती सरकारले गरेको प्रयत्नहरुको अपर्याप्ततालाई पनि उजागर गरेको छ। भोगेन्द्र ठाकुरले आफ्ना साहुलाई ऋणभन्दा कयौँगुना बढी तिरी सकेका थिए। तर भोगेन्द्र ठाकुरको गरिबी र पछौटेपनाको फाइदा उठाउँदै ठाकुरको घर जग्गा समेत कब्जा गर्न षडयन्त्र गरेर ठाकुर र उनको परिवारजनलाई मार्ने उद्देश्यले निर्मम कुटपीट गर्न लगाए। ठाकुरको मृत्यु भयो भने उनकी श्रीमति गम्भीर घाइते भएर उपचाररत् छिन्। मिटरब्याजी पिडितहरुको संगठित समूहले यस्को व्यापक विरोध गऱ्यो। मृतक ठाकुरको शव सहित जुलूस र नाराबाजी गऱ्यो। फलतः सरकार ठाकुरको हत्याको षडयन्त्र गरेको भनेर आरोपित मिटरब्याजी साहु शिवजी यादवलाई गिरफ्तार गर्ने सहित आठबटा बुँदामा प्रशासनले पीडित पक्षसंग सम्झौता गरेको छ। यसपछि मृतक ठाकुरको दाहसंस्कारपनि भएको खबर आएको छ। तर के पीडितसंग सरकारी प्रशासनले गरेको सम्झौता तत्कालै कार्यान्वयन हुन्छ ? परिणामको निम्ती प्रतीक्षा गर्नु पर्छ।

गुरुदेव र भोगेन्द्र दुई फरक क्षेत्रका व्यक्तित्व हुन्। एउटा बौद्धिक थिए, उपल्लो समाजमा प्रतिष्ठित जीवन बाँचे। र, अर्को श्रमजीवि थिए, खान पुगेको थिएन, समाजको तल्लोस्तरको समुदायमा बाँचेका थिए। तर आर्थिक अभावको स्तरमा दुबै एउटै स्तरमा दखिन्छन्। प्रतिष्ठा जतिसुकै भएपनि आर्थिक वर्गको रुपमा गुरुदेव र भोगेन्द्र एउटै श्रेणीमा देखिन्छन्। राज्यको उपेक्षाको स्तरमा दुबै एउटै देखिन्छन्। यस्ले वर्गीय उत्पीडनमा परेकाहरुको एकताको साझा पाठ सिकाउँछ। यस्ले यो राज्यसत्ता, सत्तामा पहुँच हुने समृद्ध वर्गको नै हो भन्ने साबित गर्छ। पहुँच छ भने बिरामी न भएपनि कृत्रिम कागजको बलमा आर्थिक सहयोग निकाल्न सकिन्छ। पहुँच छ भने गरिब श्रमजीविहरुलाई ठगेरपनि सत्ता र सरकारमा वर्चस्व कायम गर्न सकिन्छ। पहुँच छैन भने र पछि परेको वर्गसमुदायको छ भने अर्थाभावमा मर्नुपर्छ ; शोषणमा परेको प्रष्ट देखिएपनि जहाँ र जतिसुकै गुहार लगाएपनि मारिनु पर्छ। गुरुदेव कामत र भोगेन्द्र ठाकुर देशभरीमा जारी वर्गीय र सामुदायिक शोषण र उत्पीडनका प्रतिनिधि प्रतीक पात्र हुन्। यिनीहरुले वर्तमान राजनीति, प्रशासनतन्त्र र समाजको असम्वेदनशील चरित्रलाई पनि नंग्याउँछन्।

नेपाली जनताले पुरानो राजनीतिक व्यवस्थाको विरुद्ध दसवर्षे जनयुद्ध जस्तो राजनीतिक सशस्त्र संघर्ष र मधेश आन्दोलन गरेर संघीय गणतन्त्रको नयाँ शासन व्यवस्था ल्याउनुको पछाडी वर्गीय र जातिय विभेदको समापनको उद्देश्य थियो। यससंगै नयाँ राजनीतिक दलहरु जनताको पक्षमा इमान्दारीपूर्वक उभिने छ, नयाँ जनप्रतिनिधिहरुले जनताको समस्यालाई सदन र सडक दुबैमा उठाउँछन्, समाधान गर्छन् भन्ने अपेक्षा थियो। तर अफसोस, जनप्रतिनिधिहरु जनताबाट पूर्ण उदासीन र विपरीत चरित्रका देखिन थालेका छन्। समाजको सबैभन्दा तल्लो श्रेणीको श्रमजीवि भोगेन्द्र ठाकुर होउन वा संगीतकार गुरुदेव कामत, दुबैको पक्षमा जनसाधारण बाहेक कुनै राजनीतिक दलहरु अगाडी आएको देखिँदैन। सबभन्दा त मिटरब्याजीको उत्पीडन र शोषणमा परेको ऋणिहरु लगभग तीनवर्षदेखि आन्दोलनमा छन्। पटक पटक राज्यले सम्झौता गर्छ र उत्पीडित ऋणिहरुलाई भरोसा दिएर उनीहरुको आन्दोलन मत्थर पार्छ। तर उसको पक्षमा कुनैपनि राजनीतिक दलहरु अगाडी आएको देखिँदैन। यस पटकपनि यस्तै भइरहेको छ। मिटरब्याजीहरुको विरुद्ध जनसमुदाय सडकमा देखिन्छ, तर राजनीतिक दलहरु नदारद छन्। कतिसम्म कि श्रमजीवि र किसानको पार्टी भनिने कम्युनिस्ट पार्टीहरु पनि देखिएका छैनन्। त्यसरी नै आफूलाई नागरिक र मानवअधिकारको पक्षधर भन्ने नागरिक समाज र मानवअधिकारवादीहरुको एजेन्डामा मिटरब्याजी पीडितहरु पर्न सकेका छैनन्।

भोगेन्द्र त श्रमजीवि वर्गका थिए नै, गुरुदेव कामतपनि श्रमजीवि नै थिए। कामतले पनि पारिश्रमिक पाएको भए, उनी अझै बाँच्ने सम्भावना थियो। तर त्यसो भएन। यथार्थ के हो भने हामी जस्लाई लोकतन्त्र भनिरहेका छौँ, त्यो पूँजीवादी अधिनायकत्व हो। यस्मा भोगेन्द्र ठाकुर र गुरुदेव कामतले चाहे जस्तो हुँदैन। वर्तमान राज्यसत्ताको राजनीतिक, आर्थिक र सांस्कृतिक वर्चस्वको चरित्र फेर्नु आवश्यक छ। भोगेन्द्र र गुरुदेव दुबैलाई श्रद्धान्जलि!

## सम्पादकीय

# स्थिरता आवश्यक

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नेपाली कांग्रेस सहितको गठबन्धन सरकारसित दुई तिहाई बहुमत छ। यस अघि पनि ओली नेतृत्वमा दुई तिहाई बहुमतको सरकार बनेको थियो। प्रधानमन्त्री केपी शर्मा ओली आँटिलो र दीर्घकालीन सोच भएका नेता हुन्। संविधानमा रहेका त्रुटिहरु हटाउने देखि देशमा स्थिरत सरकारको आवश्यकतालाई पूरा गर्न सक्ने उनमा क्षमता छ। सत्ता गठबन्धनमा रहेका कांग्रेस र एमालेबीचको सम्बन्धलाई निरन्तरता दिन राजनीतिक प्रतिबद्धता, इमान्दारिता र उदारता दुवै दलका नेतामा हुनु आवश्यक छ। देशहितलाई केन्द्रमा राखेर दुवै दलले गठबन्धनलाई आगामी निर्वाचन सम्म निरन्तरता दिन कठिन छैन्। तर दुवै दलका नेतामा इमान्दारिता हुनु आवश्यक छ। दुवै दलका नेताले सत्ता गठबन्धनका लागि गरेको पारदर्शी सम्झौतालाई अक्षरशः पालना गर्नुपर्छ। गठबन्धन भएको महिना दिन नवित्दै दुवै दलका नेताहरुले पटक पटक सत्ता गठबन्धन पूरा अवधि टिक्ने सफाइ दिइरहेका छन्। गठबन्धन नटिक्ने प्रश्न अहिले विपक्षीहरुले उठाएका पनि छैनन्। सत्ता गठबन्धन नटिक्ने प्रचारवाजी विपक्षीले दुई कारणबाट गर्नेछन्। पहिलो आमनागरिक र कर्मचारीमा सरकारप्रतिको अविश्वास सृजना गर्न र अर्को आत्मसन्तुष्टिका लागि विपक्षीले गठबन्धन भत्किने प्रचार गर्छन्। त्यसलाई सरकारले प्रचारमा उत्रेर सफाइ दिनु आवश्यक छैन। सरकारले आफ्नो क्रियाकलापबाट कर्मचारी, कुटनीतिक शक्ति र आमजनलाई विश्वस्त बनाइ राख्नु पर्छ। सत्ता गठबन्धन बिग्रिने हाल कुनै कारण देखिएको छैन। आत्मविश्वासले पूर्ण र कार्यमा दृढ इच्छाशक्ति भएका प्रधानमन्त्री ओलीले गठबन्धनलाई सफलतापूर्वक निर्धारित लक्ष्य प्राप्ति सम्म लग्नु पर्छ। गठबन्धनलाई भत्काउने र टिकाउने पहिलो पात्र नै प्रधानमन्त्री ओली हुन्। दोस्रो पात्र कांग्रेस सभापति शेरबहादु देउवा हुन्। प्रधानमन्त्री ओलीले इमान्दारीपूर्वक उदार भएर गठबन्धनलाई अगाडि बढाउनु पर्छ। यस अघि पनि गठबन्धनकै सरकार थियो। नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गरेको गठबन्धन सरकारलाई असफल उनी स्वयंले नै बनाए। प्रधानमन्त्री प्रचण्डले घडी एमाले र घडी कांग्रेसको समर्थन लिएर सरकारको नेतृत्व गर्न थालेसँगै उनमा सत्ता आफ्नै मुठ्ठीमा रहेको अहंकार उत्पन्न भएको थियो। त्यसले नै उनी असफल भए। गठबन्धन सरकार टिकाउनु पक्कै पनि सहज छैन। तर नेतृत्व दक्ष, इमान्दार र सक्षम भए त्यो टिकाउन जटिलपनि होइन। ओली र देउवा दुवै लामो संघर्ष गरेका नेताहरु हुन्। उनीहरुले देशका लागि स्थिर सरकार दिनु आवश्यक छ।

# मितेरी साइनो र सहयात्रादेखि कुर्था एक्सप्रेससम्म

नारायण ढुङ्गाना

मित वा मितिनी साइनोको छुट्टै महत्व छ। उक्त साइनो गाँस्ने लगाउने चलन नेपालको पुरानै हो। अहिले पनि यो चलन हटेको छैन। त्यसले एकापसमा सम्बन्ध विस्तार मात्रै गर्दैन एकअर्कामा साथ, सहयोग र सहकार्यलाई उच्च स्थान दिन्छ। यो विश्वमै फरक खालको सम्बन्ध मान्न सकिन्छ।

नेपालीले आफ्नो परिवारपछि अर्को नजिकको सहयात्रीका रुपमा मित/मितिनी सम्बन्ध कायम गर्छन्। त्यही सम्बन्धलाई उजिल्याइदिनुभएको छ फोटोग्राफर रविक उपाध्यायले। नेपाली महिलाको 'मितिनी' चलनलाई दृश्य कथामा कैद गरेर उहाँले मित/मितिनीको महत्वलाई बढाइदिनुभएको छ।

उहाँको महिलाको मितिनी फोटो कथा अहिले नेपाल कला परिषद् बबरमहलमा प्रदर्शन भइरहेको छ। दृश्य कथामा बाल्यकालमा जोडिएको मितिनी सम्बन्ध जीवनको उत्तरार्द्धसम्म पनि उत्तिकै सौहार्द्रमय रहने देखाएको छ। साना-ठूला सुखदुःखका साक्षी र सहयोगी भूमिकामा मितिनीहरुले आफ्नो परिवारलाई सघाउने गरेको दृश्यले मन छुन्छ। विनुकुमारी गुरुङ र लिलामाया अधिकारी फरक फरक समुदायका हुनुहुन्छ, तर मितिनी सम्बन्धले उहाँहरुमाथि सबै छेकबार भत्काइदिएको छ। जङ्गलमा गाईवस्तु घाँसदाउरा गर्दा भएको भेटलाई मितिनी सम्बन्ध विस्तार गरेका उहाँहरुले बूढेसकाल आउनै लाग्दा पनि त्यो सम्बन्ध कायम राख्नुभएको छ। यस्तै, अर्को तस्बिरमा ५७ वर्षकी सन्तमाया अधिकारीले ५९ वर्षकी पानसरी गुरुङलाई एकमुठा सुकेको लसुन कोसेली पठाउनुभएको छ। सन्तमाया आफ्नो बुढ्यौली सासूसँग बस्दा पानसरीलाई विरलै भेट्न पानुहुन्छ तर यस्ता उपहारले उहाँहरुको सम्बन्ध र सम्झनालाई ताजै बनाइदिइरहेको छ। पानसरा पनि घरकै कामले सन्तमायालाई भेट्न पाउनुहुन्न्। गाउँलेमार्फत यस्तै उपहार आदानप्रदान हुँदा भने उहाँहरुमा सम्झना ताजा बनेर आइदिने गरेको छ। अर्का फोटोग्राफर इसान तिवारीको फोटो कथाले प्रथम स्थान हासिल गर्न सफल पनि भएको छ। तिवारीले 'सहयात्रा' शीर्षकमा मधेसका बालबालिकामा शिक्षाको पहुँचको कथा कैद गर्नुभएको छ। तस्बिर लिन तिवारी मधेस प्रदेशको बारा र रौतहट पुग्नुभएको थियो।



उहाँले मधेसका बालबालिकाको विद्यालय, घर तथा समुदायमा भएका रोचक गतिविधिहरुलाई फोटोमा कैद गर्नुभएको छ। त्यसमा उनीहरुको रहनसहन, खेलकुद, विद्यालय अध्ययन, सामाजिक गतिविधिलाई समावेश गरिएको थियो। बालापन झल्काउने उहाँका दृश्य कथामा मधेसको कमजोर आर्थिक, सामाजिक अवस्थाका बालबालिकाले शिक्षा पाउँदाको खुसी देख्न सकिन्छ, जहाँ बालबालिकाको मुहारमा चमक झल्किरहेको पाइन्छ।

फोटो प्रदर्शनीमा सुशील विश्वकर्माले 'तृष्णा' शीर्षकमा फोटो कथा देखाउनुभएको छ। त्यसमा उहाँले जाजरकोटको कुदु गाउँको पानीको कथालाई फोटोमा उतार्नुभएको छ। तल भेरी नदी कलकल बगिरहेको छभने पनि गाउँमा खानेपानीको चर्को अभाव छ। त्यो अभावलाई पूर्ति गर्दै पानीको बचत र सरसफाइलाई ध्यान दिन त्यहाँ नेपाल, युरोपेली सङ्घ र फिनल्यान्डको सहकार्यमा सञ्चालित परियोजनाले काम पनि गरिरहेको छ। त्यहाँको पानीको समस्यालाई समाधान गर्न फोटो कथाले आह्वान गरिरहेको छ।

काठमाडौँ विश्वविद्यालयमा अध्ययनरत २३ वर्षीया दृश्य कथाकार आकृति श्रेष्ठले मधेसमा प्लास्टिक बोतलको पुनः प्रयोगको विषयालाई 'कुर्था एक्सप्रेस' शीर्षकमा तस्बिर कथा प्रस्तुत गर्नुभएको छ। फोहरबाट सङ्कलन गरिएका ती बोतलहरु त्यहाँका बासिन्दाको आम्दानीको स्रोत बनेका छन्। त्यसले वातावरणीय प्रदूषण कम गर्दै सन्तुलन राख्न सघाएको छ। साथै फोहरबाट मोहर कमाएर आर्थिक पाटोलाई कसरी मधेसका समुदायले अँगालेका छन् भन्ने कथा उहाँको तस्बिरमा देखिन्छ।

"मैले प्लाष्टिक फोहरलाई पुनः प्रयोग गर्ने प्रक्रिया र यस प्रक्रियामा सहभागी महिला पुरुषको जीवनलाई चित्रण गरेको छु", आकृतिले भन्नुभयो, "चक्रीय अर्थ व्यवस्था भनेको फोहर घटाउने र वातावरण संरक्षण गर्ने मात्र नभई यसले सिर्जना गर्ने रोजगारमा निर्भर व्यक्तिहरुको जीवन पनि हो।"

नेपाल र युरोपेली सङ्घबीचको सम्बन्धका ५० वर्ष पुगेको अवसरमा दृश्य कलाकारले तयार पारेका दृश्य कथाहरु नेपाल कला परिषद्मा प्रदर्शनीमा राखिएका हुन्। नेपालस्थित युरोपेली सङ्घको दूतावासले उक्त फोटो कथा प्रदर्शनी आयोजना गरेको हो।'मित्रता' शीर्षकमा गरिएको तस्बिर कथा प्रदर्शनीबारे सङ्घका राजदूत भेरोनिक लरेञ्जोले नेपाल-युरोपेली सङ्घबीचको सम्बन्ध र सम्झनालाई देखाइएको बताउनुभयो। दुई पक्षबीचको मित्रतासँगै जनसम्बन्धको भाव फोटो प्रदर्शनीले व्यक्त गरेको राजदुत लरेञ्जोले उल्लेख गर्नुभएको छ। उहाँले नेपालसँगको विकास साझेदारीसँगै मित्रता थप बलियो बनाउने आफ्नो चाहना रहेको र त्यसैको प्रतिफल प्रदर्शनी भएको पनि बताउनुभयो।

यसपटकको उक्त प्रदर्शनीमा चार फरक कथाहरुमा चारजना फरक युवा फोटोग्राफरलाई मित्रताको दृष्टिकोणबाट अभिव्यक्त गर्न भनिएको थियो। ती कथाहरु फोटोग्राफी प्रतियोगितामार्फत छनोट गरिएको हो। फोटो प्रतियोगिताका लागि गरिएको आब्हानमार्फत नेपालका युवापुस्ताको प्रतिभा उजागर गराउँदै देशका विभिन्न क्षेत्रका विषयहरु ल्याउन उनीहरुलाई प्रोत्साहन गरिएको थियो। उनीहरुले तयार पारेका दृश्य कथामा मित्रता, प्रजातन्त्र, मानवअधिकार र दिगो विकासका साझा मूल्यहरुलाई प्रस्तुत गरिएका छन्।

सङ्घका अनुसार यसले नेपालको शिक्षा, स्वास्थ्य, दिगो विकास र सांस्कृतिक सम्बन्धमा युरोपेली सङ्घ योगदानमा जोड दिँदै नेपालको जनस्तरको सम्बन्धलाई उजागर गरी उलब्धिमाथि उत्साह मनाउने र भविष्यको सहकार्यमा प्रेरित गर्छ। यसमा फोटोग्राफरले देशभर यात्रा गरी समाजका कथा अभिव्यक्त गरेका छन्।फोटो प्रतियोगिताका लागि विकास रौनियार, रम्यता लिम्बूसहितका वरिष्ठ फोटो पत्रकार निर्णायक हुनुहुन्थ्यो। उहाँहरुले फोटोको भाव र कथाका आधारमा निर्णय दिनुभएको थियो। शुक्रबारदेखि सुरु भएको फोटो कथा प्रदर्शनी यही साउन ३२ गतेसम्म कलापरिषद्मा हुने छ।

सन् १८५१ मा नेपालका तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत र फ्रान्सको भ्रमण गर्नुभएसँगै नेपालको विश्व सम्बन्ध युरोपबाटै सुरु भएको बताइन्छ। फ्रान्सका अध्यता साल्भियन लेभीले सन् १९६२ र इटलीका गसेप टक्कसीले सन् १९५२ मा नेपाल आएर यहाँको सामाजिक-सांस्कृतिक इतिहासको अध्ययन गर्दै नेपाललाई विश्वमाझ पुर्याउन काम गर्नुभएको स्मरण गरिन्छ। सन् १९६२ मा नेपाल आर्ट काउन्सिल स्थापना भएसँगै विश्वको आधुनिक कला प्रवर्द्धन थालिएको मानिन्छ।रासस

# सहज रूपमा मानव अङ्ग प्रत्यारोपण गर्न पाउने व्यवस्था गर्न माग



काठमाण्डु । नेपाली काँग्रेसका सांसद चन्द्रकान्त भण्डारीले सहज रुपमा मानव अङ्ग प्रत्यारोपण गर्न पाउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा उहाँले मिर्गौला प्रत्यारोपण गर्न नपाएको कारण कीर्तिपुरका प्रमुखको निधन भएको र उपचारको अभावमा सङ्गीतकार गुरुदेव कामदको निधन हुनुभन्दा विडम्बनापूर्ण रहेको बताउनुभयो।

उहाँले रोग लाग्नुभन्दा पहिले नै निदानको प्रबन्ध गर्न र हरेक विद्यालयमा योग शिक्षकको व्यवस्था गर्न गर्नुपर्ने बताउनुभयो। सांसद भण्डारीले शिक्षा प्रणालीमा देखिएको समस्या समाधान गर्न र आगामी दिनमा उत्पन्न हुनै नदिने प्रबन्ध गर्नैपर्ने उल्लेख गर्नुभयो। नदी किनार, पहिरो जाने स्थानमा लामो समयदेखि बस्दै आएका सुकुम्बासीलाई राजनीतिक पार्टीको रसिद थमाइएको तर उनीहरुको समस्या समाधान हुन नसकेको उल्लेख गर्दै उहाँले वास्तविक सुकुम्बासी पहिचान गर्नुपर्ने बताउनुभयो। उहाँले राजनीतिक स्थायित्व भएको खण्डमा मुलुक बन्ने स्पष्ट पार्नुभयो।

सांसद अच्युतप्रसाद मैनालीले संविधानमा उल्लेख गरिएको मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि सबैको ध्यानाकर्षण गराउनुभयो। सांसद डा तोसिमा कार्कीले नेपाल रेडक्रस सोसाइटीमा मौलाएको अनियमितता पारदर्शी तवरले छानबिन गरेको उल्लेख गर्नुभयो। उहाँले रेडक्रसमा रगत सङ्कलन र भण्डारणमा समेत अनियमितता रहेको पाइएको भनेर छानबिन समितिले औँल्याएको बताउनुभयो। रेडक्रसका पदाधिकारी आर्थिक अनियमितता र भ्रष्टाचारमा संलग्न रहेको, रक्तसञ्चार भवन निर्माणमा भ्रष्टाचार भएको, भक्तपुरको जग्गा खरिदमा पनि उस्तै बेथिती रहेको पाइएको उहाँको भवन छ। मानवीय संस्थामाथि भ्रष्टाचारको प्रश्न उठ्नु आफैँमा दुःखद् रहेको सांसद कार्कीको भनाइ छ।

सांसद प्रभु साहले बंगलादेशमा रहेका नेपालीको अवस्थाका बारेमा जानकारी गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले बङ्गलादेशका रहेका नेपालीको अवस्थाका बारेमा सरकारलई रुलिङ गर्न सभामुखको ध्यानाकर्षण गराउनुभयो। सांसद रामकृष्ण यादवले अघिल्ला सरकारले गरेको गल्ती र कमजोरी वर्तमान सरकारले नदोहोऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले बजेट विनियोजनको अभावका कारण धनुषाका विभिन्न विकास निर्माणको काम प्रभावित भएको बताउनुभयो।

सांसद दयालबहादुर शाहीले वर्तमान सरकार देश बनाउन बनेको उल्लेख गर्दै फाइल लुकाउन नभएको बताउनुभयो। स्वाधीन अर्थतन्त्रको विकासका लागि वर्तमान सरकार गठन भएको उल्लेख गर्दै उहाँले निष्ठाको राजनीतिका लागि दुई ठूला दल एकआपसमा मिलेको उल्लेख गर्नुभयो। सांसद चन्द्रबहादुर विश्वकर्माले रुकुमको चौरजहारीमा रहेको नहर मर्मतका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। बैंकमा रहेको पुँजी सहज र सरल रुपमा प्रवाह हुने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।

सांसद लालप्रसाद सावा लिम्बूले विभिन्न देशमा रहेका नेपाली भाषीले आफ्नो पहिचानको खोजी गरिरहेको उल्लेख गर्दै नेपाल आउँदा सहज रुपमा प्रवेश गर्न पाउने व्यवस्था गर्न माग गर्नुभयो। सांसद वासुदेव घिमिरेले उद्योगी व्यवसायी मजदुर तथा किसान वर्तमान सरकार गठन भएपछि उत्साहित भएको उल्लेख गर्दै शेयर बजारमा देखिएको सकारात्मक परिवर्तन त्यसैको उपज भएको बताउनुभयो। उहाँले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको समाचारले स्थानीयवासी उत्साहित भएको स्पष्ट पार्नुभयो।रासस

# संविधान संशोधनबारे अनर्गल प्रचार नगर्न आग्रह

काठमाण्डु। राष्ट्रियसभाको सोमबारको बैठकको विशेष समयमा बोल्दै सांसदहरुले बाढीपहिरोलगायत मनसुनजन्य विपत्तिका घटनाका पीडित नागरिकलाई शीघ्र राहत उपलब्ध गराउन सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

सांसद राधेश्याम पासवानले देशका विभिन्न स्थानमा बाढीपहिरोले धेरै जनधनको क्षति भएको र कतिपय पीडितले अझैपनि राहत नपाएको भन्दै उनीहरुलाई चाडो राहत र क्षतिपूर्तिको व्यवस्था गर्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले हालै भएको सौर्य एयरलाइन्सको विमान तथा त्रिशूली नदीमा बस दुर्घटना र बाढीपहिरोमा परी मृत्यु भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै, शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्नुभयो।

सांसद भगवती न्यौपानेले



संविधान संशोधन संविधानमै व्यवस्था भएकाले यस विषयमा अनर्गल प्रचार नगर्न आग्रह गर्नुभयो।


उहाँले संविधान जारी भएको झण्डै १० वर्षमा यसलाई समृद्ध बनाउन विभिन्न पक्षबाट माग भइआएको सन्दर्भमा देश र जनताको हितमा रहेर संविधान संशोधन गरी प्राप्त उपलब्धिको संस्थागत विकास र जचाहना अनुरुप अगाडि बढ्नपर्ने बताउनुभयो।

सांसद न्यौपानेले संविधानअनुरुप राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिङ्ग र जातको हुनुपर्ने व्यवस्थाको कार्यान्वयन गर्न र कमजोरी रहेका विषयलाई संशोधन गरेर यसलाई सकारात्मक रुपमा अगाडि बढाउन सकिने धारणा राख्नुभयो।बैठकमा सभाका अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त राज्यमन्त्रीको नियुक्ति तथा कार्यभार तोकिएकोसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुभएको थियो।

यस्तै, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले 'तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्तावलाई बैठकको सर्वसम्मत्तिले स्वीकृत गरेको थियो।कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजय कुमार चौरसियाले मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ बमोजिमको बाधा अड्काउ फुकाउ आदेश सभा समक्ष पेश गर्नुभयो।

मन्त्री चौरसियाले दुई आयोगको समयावधि असार मसान्तसम्म रहेको र शान्तिप्रक्रियाका थाती काम सम्पन्न गर्नुपर्ने भएकाले मन्त्रिपरिषद्को असार २७ गतेको बैठकको निर्णयबाट विस २०८० असार मसान्तसम्म कार्याअवधि थप गर्ने निर्णय भएअनुरुप बाधा अड्काउ फुकाउ आदेश पेश गरेको बताउनुभयो। राष्ट्रियसभाको अर्को बैठक यही साउन ३१ गते बिहीबार १ बजेर १५ मिनेटमा बस्नेछ।रासस

# सभापति देउवाद्वारा ३७ विभागका प्रमुख मनोनित



काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टी विधानबमोजिम विभिन्न ३७ केन्द्रीय विभाग गठन गर्नुभएको छ।

उहाँले सोमबार विभिन्न केन्द्रीय सदस्यलाई विभिन्न संयोजक तोक्नुभएको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

सभापति देउवाले पार्टी केन्द्रीय सदस्यहरु गोविन्द भट्टराईलाई राज्य प्रशासन, मधु आचार्यलाई स्थानीय तह समन्वय, मानबहादुर विश्वकर्मालाई अभिलेख, अनुगमन तथा मूल्याङ्कन, चन्द्रबहादुर केसीलाई सङ्घीय मामिला समन्वय, गोविन्दबहादुर शाहलाई संसदीय मामिला, मानबहादुर नेपालीलाई कानून, राजीव ढुङ्गानालाई विद्यार्थी, डा डिला सङ्ग्रौलालाई पेसागत तथा बुद्धिजीवी विभागको प्रमुखमा मनोनयन गर्नुभएको छ।

त्यस्तै नैनसिंह महरलाई शिक्षा, डा चन्द्रमोहन यादवलाई स्वास्थ्य, मदनबहादुर अमात्यलाई निर्माण व्यवसाय समन्वय, शिवप्रसाद हुमागाँइलाई सार्वजनिक यातायात र यातायात व्यवसायी समन्वय, उमेश श्रेष्ठलाई कृषि तथा किसान, उमेशजङ्ग रायमाझीलाई खेलकूद, तारामान गुरुङलाई प्राकृतिक स्रोत, विद्यादेवी तिमिल्सीनालाई साहित्य, कला तथा संस्कृति, लक्ष्मी परियारलाई दलित समुदाय समन्वय र सशक्तिकरण विभागको संयोजक तोकिएको छ।

साथै कृष्णकिशोर घिमिरेलाई द्वन्द्व व्यवस्थापन तथा मेलमिलाप, मैकुलाल वाल्मिकीलाई मुस्लिम, कर्णबहादुर बुढालाई वित्तीय संस्था समन्वय, सुशीला मिश्र भट्टलाई विज्ञान तथा सूचना प्रविधि, महेन्द्रकुमारी लिम्बूलाई भूपू सैनिक, प्राडा गोविन्दराज पोखरेललाई आर्थिक नीति तथा योजना विभागको जिम्मेवारी तोकिएको छ।

यसैगरी शुभेच्छुक संस्था समन्वयमा अब्दुल सत्तार, श्रमिक तथा ट्रेड युनियनमा हरिशरण नेपाली, भूमि व्यवस्था तथा भूमिहिन, अव्यवस्थित बसोबास समन्वयमा नृपबहादुर वड, मानव अधिकारमा धना खतिवडा, वातावरण तथा जलवायु परिवर्तन सरोकारमा कल्याणकुमार गुरुङ, ऊर्जा तथा जलस्रोतमा अनिलकुमार रुंगटा, बालबालिका तथा किशोर-किशोरी समन्वयमा विभागको संयोजकमा डा. जीवन राना मनोनित हुनुभएको छ।

सभापति देउवाले लक्ष्मी खतिवडालाई नागरिक सम्बन्ध तथा समस्या सम्बोधन समन्वय, गङ्गालक्ष्मी अवाललाई व्यवसायिक सीप विकास, डा गोपाल दहत विपन्न उत्थान समन्वय, अर्जुनप्रसाद जोशीलाई सामाजिक संघ संस्था समन्वय, अजयवावु शिवाकोटीलाई पुस्तकालय तथा पार्टी अध्ययन-स्रोत केन्द्र, ध्यानगोविन्द रञ्जितलाई धर्म-संस्कृति समन्वय, दिनेश कोइरालालाई पूर्वआप्रवासी समन्वय विभागको प्रमुखमा मनोनयन गर्नुभएको छ।रासस

# बाढी-पहिरो प्रभावितलाई संरक्षण गर्न गृहमन्त्रीको निर्देशन

काठमाण्डु। गृहमन्त्री रमेश लेखकले बाढी-पहिरो प्रभावित क्षेत्रका नागरिकलाई जोगाउने उपाय निकाल्न सम्बन्धित निकायलाई निर्देशन दिनुभएको छ। सोमबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २४औँ बैठकमा गृहमन्त्री लेखकले उक्त निर्देशन दिनुभएको हो।



महोत्तरी, बाँके, कास्की, संखुवासभा, कञ्चनपुर, भोजपुर चितवनलगायतका बाढी-पहिरो प्रभावित क्षेत्रमा चाँडोभन्दा चाँडो जोखिमबाट जोगाउने उपाय निकाल्न उहाँले जोड दिनुभयो। गृहमन्त्री लेखकले 'विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यविधि २०८१' बनाउँदा विदेशी संस्थाबाट लिने सहायता र राष्ट्रिय सुरक्षाको विषयमा गम्भीर बन्नुपर्ने बताउनुभयो।

"विपद्मा सहायता लिने कुरामा विदेशी संस्थाको 'वान डोर इन्ट्री' होस्। उहाँहरुबाट चाँडोभन्दा चाँडो सहयोग लिन सकियोस्। कुनै पनि विदेशी संस्थाले हामी कहाँ काम गर्छ भने त्यो सङ्घको जानकारीमा हुनुपऱ्यो", उहाँले भन्नुभयो, "कार्यविधि बनाउँदा यतातिर गम्भीरतापूर्वक हेर्नु होला। साथै यसमा राष्ट्रिय सुरक्षाको विषय पनि संवेदनशील ढङ्गले जोडिने गर्छ। त्यसलाई ध्यान दिनुहोला।"

उहाँले आगामी दिनमा कार्यसमिति बैठकमा दैनिक प्रशासनिक विषयभन्दा नीतिगत विषयलाई एजेण्डा बनाउन निर्देशन दिनुभयो। "दैनिक प्रशासकीय कुरा प्राधिकरणले गरोस्।रासस

# 'डेडिकेटेड र ट्रक्त लाइन महशुल उठाउन छोडेर अनावश्यक तर्क गरियो'

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) का सांसद शक्तिबहादुर बस्नेतले डेडिकेटेड र ट्रङ्क लाइन महशुल उठाउन छोडेर अनावश्यक तर्क गरिएकामा आपत्ति प्रकट गर्नुभएको छ। प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा बोल्दै पूर्वऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रीसमेत रहनुभएका सांसद बस्नेतले संसद्‌को सार्वजनिक लेखा समितिमा पछिल्ला दिनमा भइरहेको बहस तर्कसङ्गत नभएको बताउनुभयो।



महशुल उठाउन पाइँदैन भनेर नेपाल विद्युत् प्राधिकरणलाई भृकुटी कागज कारखाना बनाउन खोजिएको हो ? भन्ने प्रश्न गर्दै सांसद बस्नेतले पटक पटक अदालतले आदेश दिएको र विभिन्न निकायले निर्णय गरेका आधारमा थप छुट महशुल उठाउन खोजिएको बताउनुभयो। उहाँले लोडसेडिङको समयमा २० घण्टाभन्दा बढी बिजुली प्रयोग गर्ने उद्योगले थप महशुल तिर्नुपर्छ भन्ने सामान्य विषयलाई नजरअन्दाज नगर्न र छुट नदिन आग्रह गर्नुभयो। सांसद बस्नेतले सरकारमा बसेर प्रश्न मात्रै गर्ने तर कुनै निष्कर्ष नदिने छुट कसैलाई नभएको स्पष्ट पार्नुभयो।

प्राधिकरणको सञ्चालक समितिको बैठकमा फरक मत राखेका आधारमा सञ्चालक समितिका सदस्यहरुलाई कारवाही गरिएकामा सांसद बस्नेतले गुनासो गर्नुभयो।

"सरकारले कुन आदेश गऱ्यो र कुन आदेश सञ्चालक समिति सदस्यले उल्लङ्घन गरे ? फरक मत राखेको आधारमा कारवाही गर्दैजाने हो भने लोकतन्त्रको योभन्दा मजाक अरु हुनै सक्दैन", उहाँले भन्नुभयो। संविधान संशोधनको विषय गलत मनसायका साथ आएको सांसद बस्नेतको आरोप थियो।

## अर्थतन्त्रका सूचक सकारात्मक देखिँदै गएका छन् : सांसद गैरे

नेकपा (एमाले) का सांसद ठाकुरप्रसाद गैरेले वर्तमान सरकार गठन भएपछि मुलुकको अर्थतन्त्रका सूचक सकारात्मक देखिँदै गएका बताउनुभएको छ। उहाँले संविधान कार्यान्वयनमा देखिएका कमी कमजोरीलाई सुधार गरेर जाने भनेर प्रमुख दुई दलबीच भएको सहमतिलाई पूर्णता दिन सकिए थप आशाको सञ्चार हुने बताउनुभयो।

संविधान संशोधन कुनै पनि अर्थमा प्रतिगमन हुन नसक्ने तर्क गर्दै सांसद गैरेले यथास्थितिमा रहनुपर्छ, कुनै सुधार गर्नुहुन्न भन्ने मतलाई भने गलत मान्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले देशव्यापी रुपमा मनसुनका कारण सडक सञ्जालमा क्षति पुगेकाले त्यसको मर्मत सम्भारमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो। सार्वजनिक सवारी साधनको सहज प्रबन्ध गर्न सकिए नजिकिँदो चाडपर्वमा नागरिकले सहजरुपमा यात्रा गर्न सक्ने वातावरण बन्ने उहाँको भनाइ थियो।

दुग्ध किसानले मूल्य नपाएको, रासायनिक मल नपाएको अवस्था अन्त्य गरेर कृषि क्षेत्रलाई सबल र सक्षम बनाउनुपर्नेमा सांसद गैरेले जोड दिनुभयो। खाद्यान्न आयात गुर्नपर्ने अवस्था अन्त्य गर्न सबैको सार्थक पहल हुनुपर्ने र कृषि क्षेत्रको औद्योगिकरण गर्नुपर्ने उहाँको भनाइ थियो। सांसद गैरेले वैदेशिक रोजगारीको क्षेत्रमा देखिएको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउँदै असुरक्षित रहेका देशमा पुनः कामदार पठाउन लागिएको भनेर सार्वजनिक भएका विषयको सत्य तथ्य के हो भन्दै प्रश्न गर्नुभयो। मुलुकभित्र समस्याका रुपमा रहेको आर्थिक अनियमितता, भ्रष्टाचारको नियन्त्रणका लागि सरकारले कडा कदम चाल्नुपर्ने उहाँले बताउनुभयो।प्रमुख प्रतिपक्षी दलले कोही कसैमाथि छानबिन नै गर्न पाइँदैन भनेर गरेको तर्क यथार्थसँग मिल्दो नभएको सांसद गैरेको धारणा थियो।रासस

# प्रजातन्त्र सेनानीलाई राज्यले सम्मान गर्नुपर्छः राष्ट्रपति

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले प्रजातन्त्र स्थापना र पुनःस्थापनका लागि अविश्राम र अथक सङ्घर्ष गर्ने प्रजातन्त्र सेनानीहरूको राज्यले उचित कदर र सम्मान गर्नुपर्ने बताउनुभएको छ।

प्रजातन्त्रका लागि सङ्घर्ष गरेका प्रजातन्त्र सेनानीहरूसँग सोमबार राष्ट्रपति भवन शीतल निवासमा भएको भेटमा उहाँले त्याग र सङ्घर्षको सम्मानका लागि राज्यले उचित व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। "प्रजातन्त्र सेनानीहरूले विगतमा तपाईहरूका लागि राज्यले जे जति काम गर्नुपर्ने थियो त्यो भइरहेको छैन भन्ने मैले महसुस गरेको छु", उहाँले भन्नुभयो।

सहिद र प्रजातन्त्र सेनानीहरूको त्याग, बलिदान र सङ्घर्षका कारण सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था पाएको राष्ट्रपति पौडेलको भनाइ थियो।

"राजनीतिक स्थायित्व, सुशासन र जनताको आकांक्षा पूरा हुन सके मात्र मुलुक विकासको बाटोमा अघि बढ्छ, हामीले अपनाएको



गर्नुभएको योगदानको कदर गर्दै उहाँहरूलाई सरकार र सम्बन्धित निकायले दिनुपर्ने सम्मान, सुविधा र सहयोगमा कुनै कञ्जुस्याइ हुने छैन भन्ने मैले विश्वास लिएको छु", उहाँले भन्नुभयो।

राष्ट्रपति पौडेलले स्वतन्त्रता सेनानीहरूले राखेका विषयप्रति आफ्नो ध्यानाकर्षण भएको बताउनुभयो। "नेपालमा प्रजातन्त्र स्थापना र पुनःस्थापनामा तपाईहरूको सङ्घर्ष, त्याग र योगदान महत्वपूर्ण छ, अहिले शासन प्रणाली सुदृढ हुन्छ र लोकतान्त्रिक मूल्य-मान्यता, आदर्श र निष्ठाका साथ हाम्रा अग्रजहरूले गरेको त्याग र सङ्घर्षले सार्थकता पाउनेछ। यसमा सबै लोकतन्त्रप्रेमीहरू सधैँ सचेत र जागरुक रहनुपर्छ", राष्ट्रपति पौडेलले भन्नुभयो।

त्यस अवसरमा नेपाल प्रजातन्त्र सेनानी सङ्घका अध्यक्ष बालकृष्ण दाहालले प्रजातन्त्र सेनानीहरूका लागि राज्यले दिनुपर्ने सुविधा र सम्मानबारे राष्ट्रपति पौडेलको ध्यानाकर्षण गराउनुभएको थियो।रासस

# बङ्लादेशमा बाँकी विद्यार्थीको सुरक्षाका लागि परराष्ट्रमन्त्रीको निर्देशन

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले बङ्गलादेशमा जारी आन्दोलनका कारण त्यहाँ बाँकी रहेका नेपाली विद्यार्थीलाई पर्न सक्ने अप्ठ्यारोप्रति जानकार रही उहाँहरुको सुरक्षामा सक्रिय रुपमा लाग्न ढाकास्थित नेपाली दूतावासलाई निर्देशन दिनुभएको छ।

मन्त्री डा राणाले ढाकास्थित नेपाली राजदूतसँग टेलिफोनमार्फत त्यहाँको पछिल्लो अवस्थाबारे सोमबार जानकारी लिनुभएपछि त्यहाँ रहेका नेपालीहरुको आवश्यक सुरक्षा तथा सहयोगार्थ लाग्न सो निर्देशन दिनुभएको हो। त्यसअवसरमा बङ्गलादेशमा नेपाली विद्यार्थीलगायत सबै नेपाली नागरिक सुरक्षित रहेका बङ्गलादेशका लागि नेपाली राजदूत घनश्याम भण्डारीले पनि जानकारी गराउनुभएको मन्त्रीको सचिवालयले जनाएको छ।

मन्त्री डा राणाले धेरै नेपाली विद्यार्थी



स्वदेश फर्किसकेको भए पनि त्यहाँ बाँकी रहेकाहरुको सुरक्षाका लागि उहाँहरुको सम्पर्कमा रहेर आवश्यक समन्वय गर्न दूतावासलाई निर्देशन दिनुभयो।ढाकास्थित नेपाली दूतावासले बङ्गलादेशमा अनिश्चितकालीन कर्फ्यु जारी गरिएकाले त्यहाँ रहेका सबै नेपालीलाई आफू रहेका स्थानमै सुरक्षित रहन र अधिकतम् सतर्कता अपनाउन आज सूचना जारी गरेको छ।

सो सूचनामा बङ्गलादेशबाट अधिकांश विद्यार्थी स्वदेश फर्किसकेका र हाल त्यहाँ करिब चार सय विद्यार्थी रहेका र उनीहरु सुरक्षित रहेका जानकारी पनि दिइएको छ।सो सूचनामा नेपाल फर्कन चाहनेहरुले दूतावाससँग समन्वय गरी सुरक्षा प्रबन्ध सुनिश्चित भइसकेपछि मात्र यात्रा गर्न आग्रह गर्दै आवश्यक समन्वयका लागि दूतावासको सम्पर्क ठेगाना पनि दिइएको मन्त्रालयले जनाएको छ।रासस

# यूकेमा व्यापक हिंसाका घटनापछि सरकारले बोलायो आपत्कालीन समितिको बैठक

वीवीसी

काठमाण्डु । यूकेका विभिन्न शहरहरूमा हिंसात्मक घटनाहरूमाभ्र सप्ताहन्तमा १५० जना भन्दाबढी मानिसहरूलाई पक्राउ गरिएपछि एउटा आपतकालीन प्रतिक्रिया बैठक बस्न लागेको त्यहाँको प्रधानमन्त्रीको कार्यालय डाउनिङ स्ट्रिटले पुष्टि गरेको छाकिअर स्टारमरले उक्त घटनामा संलग्नहरूले "कानुनको पूर्ण शक्तिको सामना गर्नु पर्ने" बताएपछि त्यस्तो बैठक बस्न लागेको हो।



आइतबार रोदरम, मिडल्सबर, बोल्टन र यूकेका अन्य शहरहरूमा हिंसात्मक घटनाहरू भएपछि प्रहरीले प्रतिक्रिया जनाउनु परेको थियो। 'कोब्रा मिटिङ्ग' भनेर चिनिने आपत्कालिन प्रकृतिको त्यस्तो बैठक यूकेमा हालैका वर्षहरूमा भएकाभन्दा खराब प्रकृतिको दङ्गाहरूपछि बस्दैछाह्वाइटहलमा अवस्थित बैठक कक्षमा को अंग्रेजी नाम 'क्याबिनेट अफिस ब्रिफिङ रूम ए' को छोटकरी रूप "कोब्रा" का आधारमा त्यस्ता आपत्कालिन बैठकलाई सम्बोधन गर्ने गरिएको छ।

गत हप्ता साउथपोर्ट नगरमा तीनजना बालिकाहरूको छुरी हानेर हत्या गरिएको घटनापछि देशका विभिन्न भागमा हिंसात्मक दङ्गाहरू हुन थालेका छन्।'एक जना आप्रवासीले धेरै जनालाई छुरा प्रहार गरेको' भनेर चरम दक्षिणपन्थी समूहहरूले अनलाइनका सामाजिक सञ्जालहरूमा गलत हल्ला फैलाएर तनाव भड्काउने प्रयास गरिरहेको भनेर राजनितीकर्मीहरूले बताएका छन्। आइतवार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्रीले "बदमासहरूलाई कानुनी दायरामा ल्याउन आवश्यक सब थोक गर्ने" बताएका थिए।

कोब्रा बैठक आपत्कालीन प्रतिक्रिया जनाउने समितिको बैठक हो जसमा मन्त्री, कर्मचारी, प्रहरी, गुप्तचर अधिकारी र विषयसँग एवं प्रहरी प्रतिनिधिहरू सहभागी हुनेछन्।स्रोतहरूका अनुसार यसअघि नै भएका विभिन्न बैठकहरूको सन्दर्भमा 'कोब्रा' को यो बैठकलाई लिनु पर्दछ। उदाहरणका लागि गत बिहीवार प्रधानमन्त्री र प्रहरी प्रमुखहरूको बैठक भएको थियो भने शनिवार हामीले मुस्लि म समुदायहरूलाई निशाना तुल्याएको, मस्जिदहरूमा हमला गरिएको देखेका छौँ," प्रधानमन्त्रीको भनाइ थियो।"अन्य अल्पसंख्यक समुदायलाई पनि निशानामा पार्ने, सडकमा नाजीहरूको शैलीको सलाम गर्ने , प्रहरीलाई हमला गर्ने, नस्लवादी

> उदाहरणका लागि गत बिहीवार प्रधानमन्त्री र प्रहरी प्रमुखहरूको बैठक भएको थियो भने शनिवार वरिष्ठ मन्त्रीहरूको एउटा बैठक बसेको थियो। टेलिभिजनमार्फत प्रसारित आफ्नो आइतबारको सम्बोधनमा प्रधानमन्त्री स्टार्मरले ती घटनाहरूमा संलग्न भएकाहरूले त्यसका लागि "पछुताउनु पर्ने" बताएका थिए।

संलग्न अन्य उपयुक्त व्यक्तिहरू सहभागी हुने गर्छन्।आपत्कालीन समितिको सोमबारको बैठकमा सरकारलाई सप्ताहान्त हिंस्रक घटनाका पछिल्लो अवस्थाको जानकारी दिने र आउँदा दिनमा गरिने प्रतिक्रियात्मक कार्वाहीका बारेमा कुराकानी हुनेछ। त्यस बैठकमा सम्बन्धित मन्त्रीहरू वरिष्ठ मन्त्रीहरूको एउटा बैठक बसेको थियो। टेलिभिजनमार्फत प्रसारित आफ्नो आइतबारको सम्बोधनमा प्रधानमन्त्री स्टार्मरले ती घटनाहरूमा संलग्न भएकाहरूले त्यसका लागि "पछुताउनु पर्ने" बताएका थिए।

"यो देशमा मानिसहरूलाई सुरक्षित हुने हक छ, र पनि अभिव्यक्तिसहितका जथाभावी हिंसा जस्ता गतिविधिहरू भएका छन्- त्यसैले म त्यसलाई जे हो त्यो भन्न हिचकिचाउँदिनँः त्यो उग्र दक्षिणपन्थी बदमासी हो। "एक विज्ञप्तिमार्फत यूकेको गृह मन्त्रालयले मस्जिदहरूलाई नयाँ प्रक्रियाको एक भाग स्वरूप अभ्र धेरै सुरक्षा प्रदान गरिने प्रस्ताव गरेको छ।

जुन प्रकृया अन्तरगत छिटोभन्दा छिटो प्रार्थना लगायतका धार्मिक गतिविधि पुनः सञ्चालन गर्नका लागि "तीब्र गतिमा सुरक्षाको व्यवस्था" गर्नका लागि अनुरोध गर्न सकिने त्यसमा उल्लेख छ। प्रदर्शनकारीहरूले रोदरममा प्रहरीहरूलाई काठका फल्याकले हिर्काउने र आगो निभाउन प्रयोग हुने फायर एक्स्टिङ्गुइशर छर्केर आक्रमण गरेपछि कम्तीमा दश जना प्रहरी अधिकृतहरू घाइते भएको र ती मध्ये एकजना अचेत अवस्थामा पुगेको साउथ योर्कशर प्रहरीले जनाएको छ।

होलिडे इन एक्सप्रेस होटलमा प्रवेश गर्नका लागि उक्त समूहका केही सदस्यहरूले झ्याल तोडफोड गरेका थिए र फोहर राख्ने एउटा ठूलो ढ्वाङमा आगो लगाइदिएका थिए।अचेत बनेका प्रहरी अधिकृतको टाउकोमा चोट लागेको रअन्य दुई जनाको हड्डी भाँचिएको आशंका गरिएको छ।

प्रहरीका अनुसार होटलका कर्मचारी र केही शरण माग्ने प्रक्रियामा रहेका त्यहाँ बसिरहेकाहरू "एकदमै त्रसित अवस्थामा रहेका थिए" तर कसैलाई पनि चोटपटक लागेको छैन।

गृहमन्त्री इभेट कुपरले त्यहाँका हिंसात्मक अवस्थालाई "एकदमै घृणायोग्य" बताउँदै "सबैभन्दा कडा कदम" चाल्नका लागि प्रहरीलाई सरकारको साथ रहेको बताए।ट्यामवर्थस्थित अर्को होटलमा आइतवार साँझ "बदमास व्यक्तिहरूको हिंस्रक गतिविधि" को सामना गर्न परेको पनि अधिकारीहरूले बताएका छन्।

# पेरिस ओलम्पिक : आइतबारसम्मको खेलमा अमेरिका १९ स्वर्णसहित शीर्ष स्थानमा



एएफपी

पेरिस। आइतबारका विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा अमेरिकाले १९ स्वर्ण, २६ रजत र २६ कास्यसहित सबैभन्दा बढी ७१ पदकसहित अङ्क तालिकामा शीर्ष स्थानमा रहेको छ।

दोस्रोमा चीनले १९ स्वर्ण, १५ रजत र ११ कास्यसहित कुल ४५ पदक हात पारेको छ भने फ्रान्सले १२ स्वर्ण, १४ रजत र १८ कास्य पदकसहित कुल ४४ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ।

त्यसैगरी, चौंथो स्थानमा रहेको अष्ट्रेलियाले १२ स्वर्ण, ११ रजत र आठ कास्यसहित ३१ पदक जितेको छ भने पाँचौ स्थानमा बेलायतले १० स्वर्ण, १२ रजत र १५ कास्यसहित कुल ३७ पदक जितेको छ। पदक तालिकामा छैठौँ स्थानमा रहेको दक्षिण कोरियाले १० स्वर्ण, सात रजत र सात कास्यसहित कुल २४ पदक जितेको छ भने जापानले नौ स्वर्ण, पाँच रजत र १० कास्यसहित २४ पदक जित्दै सातौँ स्थानमा रहन सफल भएको छ।

आठौँ स्थानमा रहेको इटालीले सात स्वर्ण १० रजत र पाँच कास्यसहित कुल २२ पदक जितेको छ भने नेदरल्यान्डसले छ स्वर्ण, पाँच रजत र चार कास्यसहित कुल १५ पदक जित्दै नवौँ स्थानमा रहेको छ।

जर्मनीले पाँच स्वर्ण, पाँच रजत र दुई कास्यसहित कुल १२ पदक जितेर शीर्ष दशमध्ये अन्तिम स्थानमा पर्न सफल भएको छ।

# नेपालले मल्दिभ्सलाई हरायो

काठमाण्डु । काभा महिला नेसन्स भलिबल लिगअन्तर्गत सोमबारको खेलमा नेपालले माल्दिभ्सलाई पराजित गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सोमबार भएको समूह चरणको अन्तिम खेलमा नेपालले मल्दिभ्सलाई ३-० को सोझो सेटमा पराजितगरेको हो।

नेपालले मल्दिभ्समाथि पहिलो सेटमा २५-८, दोस्रो सेट २५-१९ र तेस्रो सेटमा २५-१८ ले पराजित गऱ्यो । नेपाल समूह चरणको अङ्क तालिकामा दोस्रो स्थानमा रह्यो । नेपालले यसअघि श्रीलङ्का र भारतलाई पराजित गरेको थियो भने इरानसँग पराजित भएको थियो।



नेपालले सेमिफाइनलमा इरानसँग खेल्नेछ। इरान अङ्क तालिकाको तेस्रो स्थानमा रह्यो। नेपाली टोलीका मुख्य प्रशिक्षक जगदीश भट्टले प्रतियोगिताको उपाधि जित्ने लक्ष्य रहेको भन्दै सेमिफाइनलमा इरानलाई पराजित गर्नेमा विश्वास व्यक्त गर्नुभयो । नेपाली टोलीकी कप्तान अरुण शाहीले आफ्नो टोलीमा भएको कमजोरीलाई सुधार गर्दै इरानविरुद्धको खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्ने बताउनुभयो ।

अर्को सेमिफाइनलमा भारत र श्रीलङ्काबीच प्रतिस्पर्धा हुनेछ। भारत लिग चरणमा शीर्ष स्थानमा रह्यो भने श्रीलङ्काले चौथो स्थानमा रहेर अन्तिम चारमा स्थान पक्का गरेको हो । भोलि दिउँसो ३ बजे सुरु हुने पहिलो सेमिफाइनलमा श्रीलङ्काले भारतको सामना गर्नेछ भने साँझ ५:१५ बजे सुरु हुने दोस्रो सेमिफाइनलमा नेपाल र इरानबीच प्रतिस्पर्धा हुनेछ।रासस

# इजरायली आक्रमणमा लेबनानी दुई व्यक्तिको मृत्यु



एएफपी

बेरूत। लेबनानको दक्षिणमा इजरायली आक्रमणमा सोमबार दुई जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। यस क्षेत्रमा गाजा युद्ध सुरु भएदेखि हेजबुल्लाह समूहले इजरायलसँग दैनिक आक्रमण गरिरहेको छ।

गत हप्तादेखि, तेहरानमा हमासका नेता र बेरुतमा हेजबुल्लाहका सैन्य प्रमुखको हत्याको बदला लिने वाचा गरेका हेजबुल्लाहसहित इरान र तेहरान समर्थित समूहका क्रियाकलापले मध्यपूर्वमा तनाव बढिरहेको छ।

आक्रमणमा दुई जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ। आक्रमणमा मारिएकामध्ये एकजना 'रिसाला स्काउट्स प्यारामेडिक' रहेको लेबनानको सरकारी समाचार एजेन्सीले जनाएको छ। इजरायली सीमाबाट दुई किलोमिटरभन्दा कम दुरीमा रहेको गाउँ मैस अल-जबलले सीमापार झडप सुरु भएदेखि भारी आक्रमणको सामना गरेको छ भने अधिकांश बासिन्दा प्रभावित क्षेत्र छोड्न बाध्य छन्।

सोमबार हेजबुल्लाह समूहले लेबनानमा इजरायली 'आक्रमण र हत्या'को प्रतिक्रियामा इजरायलका सैन्य स्थलमा विस्फोटक पदार्थसहितको ड्रोन आक्रमण गरेको जनाएको छ।एएफपीका अनुसार अक्टोबरदेखि सुरु भएको सीमापार आक्रमणमा लेबनानमा कम्तीमा ५४९ जनाको मृत्यु भएको छ र उनीहरूमध्ये अधिकांश लडाकु र सर्वसाधारण छन्। इजरायली सेनाका तथ्याङ्कअनुसार इजरायलद्वारा नियन्त्रणमा लिएको गोलन हाइट्ससहितका क्षेत्रमा २२ जना सैनिक र २५ जना सर्वसाधारण मारिएका छन्।

# चीनमा बाढीका कारण आठको मृत्यु, १९ बेपत्ता

क्यूएनए

बेइजिङ । दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको काङ्गडिङ सहरमा आएको बाढी र पहिरोका कारण आठ जनाको मृत्यु हुनुका साथै १९ जना बेपत्ता भएका छन्। बाढीका कारण समुद्री सतहबाट एक हजार ३०० मिटरको उचाइमा अवस्थित उपत्यकामा रहेको एउटा पुलका साथै घरहरू क्षतिग्रस्त भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

अधिकारीका अनुसार प्रभावित क्षेत्र नजिकैका पहाड र समुद्र सतहबाट पाँच हजार मिटरभन्दा बढी उचाइमा समेत बाढी र पहिरोबाट छ जनाको मृत्यु हुनुका साथै ११ जना बेपत्ता भएका छन्। यसैगरी बाढीले पुल भत्काउँदा यातायात आवागमनसमेत प्रभावित भएको छ। रासस

# पहिलो बिमस्टेक व्यापार शिखर सम्मेलन आयोजना गर्दै भारत

एएनआई

नयाँदिल्ली । पहिलो बिमस्टेक व्यापार शिखर सम्मेलनको आयोजना अगस्ट ६ देखि ८ सम्म भारतको नयाँदिल्लीमा गर्न सम्पूर्ण तयारी सकिएको भारतले जनाएको छ । सम्मेलनको लागि विदेश मन्त्रालयले भारतीय उद्योग परिसङ्घ (सिआइआई) सँगको सहकार्यमा तीन दिने कार्यक्रमको आयोजना गर्नेछ।

विदेश मन्त्रालयको प्रेस विज्ञप्ति अनुसार विदेश मन्त्री एस जयशङ्करले सम्मेलनको उद्घाटन गर्नुहुने छ भने केन्द्रीय वाणिज्य तथा उद्योगमन्त्रीपियुषगोयललगायतका नेताहरूले सम्मेलनलाई सम्बोधन गर्नेछन् । सम्मेलनमा व्यापार, वाणिज्य, उद्योगका साथै ऊर्जा क्षेत्रका समस्याबारे बिमस्टेक सदस्य राष्ट्रका मन्त्री, उच्च पदस्थ सरकारी अधिकारी, उद्यमीलगायतको सहभागितामा छलफल हुनेछ।

मन्त्रालयले सम्मेलनको पहिलो उद्देश्य बहु-क्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बे अफ बङ्गाल इनिसिएटिभ (बिमस्टेक) का सदस्य राष्ट्रबीच व्यापार र लगानीको माध्यमबाट क्षेत्रीय सहयोगलाई वृद्धि गर्ने रहेको जनाएको छ। रासस

# युक्रेनले पहिलो पटक पायो अमेरिकामा निर्मित एफ-१६ लडाकु विमान

बीबीसी

काठमाण्डु । युक्रेनले पहिलो पटक अमेरिकामा निर्मित एफ-१६ जेट प्राप्त गरेको युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बताएका छन्।"एफ-१६ युक्रेनमा छ। अब हामीसँग छ," नाम नखुलाइएको एउटा सैन्य विमानस्थलमा दुइटा विमानअगाडि उभिएका जेलेन्स्कीले भने।

युक्रेनी राष्ट्रपतिले आफ्ना सहयोगी देशहरूलाई धन्यवाद दिँदै युक्रेनका लागि अझै धेरै यस्ता साधन चाहिएको बताएका छन्। अमेरिकाले यसअघि उक्त लडाकु विमान युक्रेनलाई दिन नचाहेको विवरण आएका थिए। सोभियतकालीन जेटहरूमा निर्भर युक्रेनका लागि अमेरिकी जेट हात पर्नु आफ्नो युद्धक्षमता बढाउने सन्दर्भमा महत्त्वपूर्ण हुने ठानिएको छ।

आगामी महिनाहरूमा युक्रेनले थप एफ-१६ विमानहरू पाउने अपेक्षा गरिएको छ। तर जेलेन्स्कीले ती सबै लडाकु विमानहरू उडाउनका लागि युक्रेनसँग तालिमप्राप्त जनशक्ति नभएको बताएका छन्।उनले कतिवटा लडाकु विमान प्राप्त भए भन्नेबारे खुलाएका छैनन्। उनले डेन्मार्क, द नेदरल्यान्ड्स र अमेरिकालाई धन्यवाद दिए पनि ती विमान कुन देशले दिएको भन्ने पनि खुलाएनन्।

सन् २०२३ मा अमेरिकी राष्ट्रपति जो बाइडनले युरोपेली सहयोगी देशहरूलाई उक्त विमान युक्रेनलाई उपलब्ध गराउन अनुमति दिएपछि नेटोमा आबद्ध देशहरूले झन्डै ६५ वटा त्यस्ता विमान युक्रेनलाई दिने वाचा गरेका थिए। एफ-१६ विमान सबैभन्दा पहिले सन् १९७८



मा सार्वजनिक गरिएको थियो।कैयौँ देशहरू यो लडाकु विमानलाई प्रतिस्थापन गर्ने प्रक्रियामा छन्। धेरै पश्चिमा सेनाको रोजाइमा सन् २०१५ मा निर्मित अमेरिकी एफ-३५ विमान छायूकेको वायुसेनासँग कुनै पनि एफ-१६ विमान छैन। तर उसले यो विमानमा राखेर प्रहार गर्न सकिने लामो दूरीमा मार हान्ने क्षमताको "स्टोर्म श्याडो' क्षेप्यास्त्र युक्रेनलाई दिँदै छ।

> अहिले पूर्वी डोन्बास क्षेत्रमा युक्रेनी सैनिकहरूमाथि निरन्तर आक्रमण भइरहेको छ। क्रेम्लिनका सञ्चार अधिकारी दिमित्री पेस्कोभले यसअघि नै युक्रेनतिर जाने पश्चिमा देशमा निर्मित एफ-१६ विमानहरू "खसालिने" बताएका थिए।

युक्रेनका एफ-१६ लडाकु विमानहरू पश्चिमा देशहरूले निश्चित सङ्ख्यामा उपलब्ध गराएका जमिनबाट आकाशमा प्रहार गर्ने क्षमतायुक्त क्षेप्यास्त्रहरूसँगै परिचालित हुने छन्। युक्रेनसँग प्याट्रिअट र नसाम्स नामक त्यस्ता क्षेप्यास्त्रहरू छन्। एफ-१६ विमानमा रकेट, बम र क्षेप्यास्त्र बोक्ने क्षमता हुन्छायो विमानले युक्रेनी सेनालाई रुसले कब्जा गरेका क्षेत्रमा थप आक्रमण गर्न र सीमा क्षेत्रका रुसी भूभागमा आक्रमण गर्न सक्षम बनाउने ठानिएको छायस्ता विमानले रुसले प्रहार गर्ने विध्वंशकारी 'ग्लाइड बम' को प्रतिकार गर्न सहयोग पुऱ्याउन सक्छन्।

रुसले गत मार्च महिनामा मात्रै करिब ३,००० त्यस्ता बम आफ्नो सु-३४ लडाकु विमानको प्रयोगबाट खसालेको थियो। यदि युक्रेनले आफूसँग भएका एफ-१६ विमानहरूलाई जमिनमा जोगाउन सके तिनले रुसी लडाकु विमानहरूलाई युक्रेनी सेनामाथि ग्लाइड बम प्रहार गर्न सक्ने बिन्दुभन्दा परै राख्न सक्ने विश्लेषण गरिएको छाकिएभले आफ्ना केही एफ-१६ जेटहरूलाई विदेशी सेनाका हवाई अड्डामा राख्ने जनाएको छ।

तर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनी सेनाका विमानहरू राख्ने कुनै पनि पश्चिमा हवाई अड्डा रुसका लागि स्वाभाविक आक्रमणको निसाना बन्ने चेतावनी दिएका छन्। केही समयतया युक्रेनी सेनाले निरन्तर रुसी आक्रमण खेप्नु परेको छ। उसका नयाँ लडाकु विमानहरूले अत्यावश्यक हवाई सहायता उपलब्ध गराउने विज्ञहरूले बताएका छन्।

अहिले पूर्वी डोन्बास क्षेत्रमा युक्रेनी सैनिकहरूमाथि निरन्तर आक्रमण भइरहेको छ।क्रेम्लिनका सञ्चार अधिकारी दिमित्री पेस्कोभले यसअघि नै युक्रेनतिर जाने पश्चिमा देशमा निर्मित एफ-१६ विमानहरू "खसालिने" बताएका थिए। "यस किसिमको आपूर्तिले अग्रमोर्चामा विकसित घटनाक्रममा खासै प्रभाव पार्दैन," उनले भनेका थिए।

# 'केही कम्पनीका शेयर मूल्यमा अस्वभाविक वृद्धि'



काठमाण्डु । पूर्वअर्थमन्त्री एवम् नेपाली कांग्रेसका नेता डा प्रकाशशरण महतले केही कम्पनीका शेयर मूल्य अस्वभाविकरुपमा बढेको देखिएकाले त्यस्ता कम्पनीको शेयर कारोबारमा बदमासी भएकोबारे नियामकले अनुसन्धान गर्नुपर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विशेष समयमा बोल्नुहुँदै डा महतले अहिले पुँजीबजारको वृद्धिलाई स्वभाविक रुपमा लिन नसकिने बताउनुभएको हो । "पछिल्लो समय शेयर बजारमा गति देखिएको छ । तर शेयर बजारमा जसरी 'बुलिस ट्रेण्ड' देखिएको छ, त्यसलाई हामीले सहजरुपमा लिनसक्ने अवस्था अवश्य छैन । त्यहाँ केहि चलखेलको सम्भावना प्रशस्त देखिएका छन्", उहाँले भन्नुभयो, "कतिपय संस्थाको जसरी शेयर मूल्य बढेको छ, त्यो स्वभाविक देखिँदैन । ती संस्थाको क्षमता कति हो र आर्थिक अवस्था कस्तो छ ? नाफा कति दिनसक्छ ? भन्ने आधार नहेरिकनै मूल्य बढेको छ । यतातर्फ सरकार र नियामकको ध्यान जान जरुरी छ ।"

> "कतिपय संस्थाको जसरी शेयर मूल्य बढेको छ, त्यो स्वभाविक देखिँदैन । ती संस्थाको क्षमता कति हो र आर्थिक अवस्था कस्तो छ ? नाफा कति दिनसक्छ ? भन्ने आधार नहेरिकनै मूल्य बढेको छ । यतातर्फ सरकार र नियामकको ध्यान जान जरुरी छ ।"

पुँजीबजारमा केहि व्यक्तिले 'इन्साइडर ट्रेडिङ' गरेको हुनसक्ने पूर्वअर्थमन्त्री महतले आशंका प्रकट गर्नुभयो । "कुनै कम्पनीको भित्री सूचना प्राप्त गरेर त्यसको दुरुपयोग गर्ने र आम लगानीकर्तालाई फस्ने परिस्थिति निर्माण हुन सक्दछ । केही त्यस्ता संस्थाको शेयर मूल्य बढेकोप्रति गम्भीर रुपमा हेर्न जरुरी छ", उहाँले भन्नुभयो ।नेपाल राष्ट्र बैंकको कहिले चाहिनेभन्दा लचक र कहिले चाहिनेभन्दा कसिलो मौद्रिक नीतिका कारण अर्थतन्त्रमा समस्या आएको धारणा महतको छ । यद्यपि पछिल्लो मौद्रिक नीतिले अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत पु-याउने उहाँले बताउनुभयो । मौद्रिक नीतिमार्फत् राष्ट्र बैंकले बैंकदर र नीतिगत दर घटाएपनि पनि यसले ब्याजदर भने घट्ने नदेखिएको उहाँको भनाइ छ ।

सार्वजनिक वित्त व्यवस्थापन र बजेट प्रणालीमा अनुशासन आवश्यक रहेको महतको धारणा थियो । सङ्घ सरकारबाट रु तीन करोडभन्दा तलका आयोजनालाई बजेट विनियोजन नगर्ने कार्यविधि बनेकोमा अघिल्लो सरकारले साना आयोजनामा पनि केन्द्र सरकारबाट बजेट विनियोजन गरेर आर्थिक अनुशासन उल्लङ्घन गरेको बताउनुभयो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीका व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको महतले उल्लेख गर्नुभयो ।

त्यस्तै, आन्तरिक र बाह्य ऋण परिचालन ठिक ठाउँमा खर्च नभएमा ऋणको भार बढ्दै जाने उहाँको भनाइ छ । गत आर्थिक वर्षको अन्तिम अर्थात् असार महिनामा रकमान्तर भएको विषय उहाँले संसद्मा उठाउनुभयो ।

स्रोत सुनिश्चितता बिनाका धेरैवटा आयोजना अघि बढाउनु सरकारको कमजोरी रहेको र यसले राम्रो नतिजा नदिने डा महतको भनाइ छ । सरकारले बजेटमार्फत् धेरै नयाँ आयोजना प्रस्ताव गरिएको तर प्राथमिकताका र राम्रो नतिजा दिने आयोजनामा यथेष्ठ बजेट विनियोजन हुन नसकेको उहाँले बताउनुभयो ।

बजेटरी प्रणालीमा समस्या देखिएकाले त्यसमा सुधार आवश्यक रहेको महतले बताउनुभयो । अगाडि बढाउन नसकिने र स्रोत व्यवस्थापन गर्न नसकिने आयोजना रद्द गरिनुपर्ने उहाँको भनाइ छ ।रासस

# पर्यटन क्षेत्रलाई प्रविधिमार्फत जोड्दै दीपकराज जोशी

काठमाण्डु । दुई दशकभन्दा लामो समयदेखि पर्यटन क्षेत्रमा सक्रिय दीपकराज जोशी यतिबेला पर्यटन क्षेत्रलाई पूर्ण रुपमा प्रविधिमैत्री बनाउन लागेका छन् । नेपाल पर्यटन बोर्डको पूर्वप्रमुख कार्यकारी अधिकृत (सिइओ) समेत रहनुभएका जोशी कोरोना महामारीको समयमा प्रविधिको महत्व बुझेपछि आफू त्यसतर्फ केन्द्रित भएको बताउनुहुन्छ ।

"आवश्यकताले नै नयाँ आविस्कार गर्छ भने झैँ कोरोना महामारीको समयमा हामीले प्रविधिको प्रयोगको महत्व अझ राम्रोगरी बुझ्न पायौँ र यसको आवश्यकता महसुस गरेका थियौँ", उहाँले भन्नुभयो, "तत्कालीन समयमा पर्यटन क्षेत्रलाई प्रविधिमार्फत एकीकृत गर्नुपर्छ भन्ने सोचले हामी यसतर्फ केन्द्रित भएका हौँ ।"

हाल जोशी र उहाँको टिम, पर्यटन र प्रविधिमा राम्रो ज्ञान र सीप भएका साझेदारसहित २७ जना इञ्जिनियर तथा अन्य कर्मचारीको समूहको सक्रियतामा 'आर्य टेक्नोजोजी एण्ड म्यानेजमेन्ट प्रालि'मार्फत पर्यटन क्षेत्रलाई लक्षितगरी एकीकृत सफ्टवेयर विकासगरी सेवा प्रवाह गर्दै आएको छ । यसका लागि हालसम्म झण्डै रु २२ करोड लगानी भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यो सफ्वटेयर होटल, रेष्टुरेन्ट, ट्राभल, ट्रान्सपोर्ट र कार्यालय व्यवस्थापनका लागि लक्षित गरिएको छ । अहिले केही होटल तथा ट्राभल एजेन्सीहरुले यो सफ्टवेयर प्रयोगमा ल्याइसकेका छन् ।

> "पर्यटन क्षेत्र प्रविधिमैत्री भएन भने हामीले कैयौँ अवसर गुमाउँछौँ, खासगरी होटल, ट्राभल, ट्रेकिङ सम्बद्ध व्यवसायी एवं सरोकारवालालाई सहयोग पुगोस्भन्नेउद्देश्यलेसफ्टवेयर विकास गरेका हौँ"



"पर्यटन क्षेत्र प्रविधिमैत्री भएन भने हामीले कैयौँ अवसर गुमाउँछौँ, खासगरी होटल, ट्राभल, ट्रेकिङ सम्बद्ध व्यवसायी एवं सरोकारवालालाई सहयोग पुगोस् भन्ने उद्देश्यले सफ्टवेयर विकास गरेका हौँ", उहाँले भन्नुभयो । यो सफ्टवेयरले पुराना तथ्याङ्क खोज्न र व्यवस्थापन गर्न सहयोग गर्नुका साथै बुकिङ गर्न र कार्यालय व्यवस्थापन गर्न सहयोग पुग्ने उहाँको भनाइ छ । पछिल्लो समय मानिस अनलाइनमार्फत नै बुकिङ गर्ने चलन बढेको छ । व्यवसायीलाई पनि आफ्नो व्यवसाय एक क्लिकका भरमा जहाँ बसेर पनि सहजै पाउनसक्ने सुविधा यस सफ्टवेयरले दिने उहाँले उल्लेख गर्नुभयो ।

उहाँका अनुसार उहाँले टिमले तयार पारेको सफ्टवेयर काठमाडौँ, पोखरा, चितवन, बर्दियामा रहेका होटल, ट्राभल एजेन्सीले प्रयोग गरिरहेका छन् । केही पाँचतारे होटलसँग पनि सफ्टवेयर प्रयोग गर्नेसम्बन्धी छलफल भइरहेको छ । अहिले पनि केही पर्यटन क्षेत्रमा केही सफ्टवेयरहरु सञ्चालनमा आए पनि यो विशुद्ध नेपाली सफ्टवेयर भएको र तुलनात्मक रुपमा सस्तो पनि भएको उहाँको दाबी छ । उहाँका अनुसार एउटा कम्पनीले रु दुई लाखदेखि पाँच लाखसम्ममा यो सफ्टवेयर सञ्चालन गर्न सक्छन् । जबकि अन्य विदेशी सफ्टवेयर निकै महँगो हुन्छ ।

**सफ्टवेयरको विशेषता के छ ?**

जोशीको कम्पनीले निर्माण गरेको यो सफ्टवेयर विशेषतः पर्यटन क्षेत्रका व्यवसायलाई प्रविधिमैत्री बनाउन केन्द्रित छ । पर्यटन व्यवसायका अकाउन्टिङदेखि कर्मचारी व्यवस्थापन र होटल बुकिङसम्मको सेवा यसैमार्फत पाउन सकिन्छ । त्यतिमात्रै होइन व्यवसायीले आफू अनुकूलको सेवा अर्थात् कस्टमाइज्ड सर्भिस पनि लिन सक्छन् । व्यवसायीले सम्पूर्ण सेवाको एक क्लिकका भरमा सूचना प्राप्त गर्न सक्छन् । जोशीका अनुसार यसले दक्ष कर्मचारीको अभावलाई केही हदसम्म पूरा गर्नसक्ने क्षमता राख्छ । कम्पनीसँग सम्बन्धित कागजात, सूचना तथा आवश्यक तथ्याङ्क पनि यसैमा सुरक्षित हुने भएकाले यो गोपनीयताका दृष्टिले पनि उपयोगी छ ।

उदाहरणका लागि होटल तथा रिसोर्टका लागि होटल म्यानेजमेन्ट सफ्टवेयरले कुशल व्यवस्थापनको सबै काम गर्छ । सफ्टवेयरमा दुई वटा मुख्य ड्यासबोर्ड हुन्छन् । एउटामा कर्मचारीको हाजिरी र बिदा स्वीकृतिदेखि सार्वजनिक बिदाको सूचना, कार्यालयका अन्य सूचना प्रवाह, कामको निर्देशन दिने, कार्यसूची निर्माण गर्ने, रिपोर्ट लिने तथा दिने र पेरोलको जानकारी हुन्छ । दोस्रो ड्यासबोर्डमा अकुपेन्सीदेखि हाउसकिपिङ, मर्मतसम्भार, रुम इन्भेन्ट्री व्यवस्थापनलगायत सबै जानकारी हुन्छ । यी सबैलाई सफ्टवेयरबाटै हेर्न र निर्देशन दिन सकिन्छ । ओटीए (अनलाइन ट्राभल एजेन्सी) व्यवस्थापन तथा च्यानल म्यानेजर, इनभेन्ट्री, लेखा व्यवस्थापन तथा प्रतिवेदन, वेबसाइट निर्माणजस्ता सेवाहरु एउटै सफ्टवेयरबाट प्राप्त गर्न्न सकिन्छ ।

ट्राभल, टुर, ट्रेकिङ एक्सपेडिसनका लागि ट्राभल म्यानेजमेन्ट सिस्टम निर्माण गरिएको छ । यसअन्तर्गत कार्यालय तथा कर्मचारी व्यवस्थापन, आइटिनेरी डिजाइन तथा डेभलपमेन्ट, खर्च अनुमान, बुकिङ व्यवस्थापन, आपूर्ति तथा ग्रुप व्यवस्थापन, यात्रु बोक्ने गाडीहरुको जिपिएस ट्र्याकिङजस्ता महत्वपूर्ण सुविधा छन् । "होटलमा हाल प्रयोग भइरहेका सफ्टवेयरको तुलनामा हामीले विकास गरेका सफ्टवेयर निकै फरक छ, यो क्लाउड प्रविधिमा आधारित छ", उहाँले भन्नुभयो, "अहिले होटलमा आवश्यकताअनुसार विभिन्न सफ्टवेयर प्रयोग भइरहेको छ । जुन झन्झटिला पनि छन् । तर हाम्रो सफ्टवेयरले एकीकृत सेवा दिने भएकाले सञ्चालन सस्तो र सहज दुवै छ ।"

जोशी नेपालमै नेपाली इञ्जिनियरले निर्माण गरेका सफ्टवेयरहरु सोमबार विभिन्न मुलुकमा निर्यात भइरहेको उल्लेख गर्दै नेपालमा पनि यसको प्रयोग नेपालमा पनि गर्नुपर्छ भन्ने हो । "कतिपय साना होटल तथा ट्राभल एवं ट्रेकिङ एजेन्सीले अहिले पनि हस्तलिखित खाता वा एक्सेल सिटमै काम गरिरहेको अवस्था छ, जुन झन्झटिलो पनि छ", उहाँले भन्नुभयो, "कम्पनीको सूचना तथा तथ्याङ्क लगानीकर्ताका लागि निकै ठूलो सम्पत्ति हो । यो सुरक्षित राख्नका लागि पनि हामीले विकास गरेको सफ्टवेयर उपयोगी छ ।" उहाँले साना लगानीका होटलका लागि लक्षितगरी स्मार्ट होटल म्यानेजमेन्ट सोलुसन विकास गरेको बताउनुभयो ।

जोशी पर्यटनसँग सम्बन्धित व्यावसायिक छाता संस्थाहरुले आफ्ना सदस्यलाई यस्ता सफ्टवेयरको प्रयोगमा प्रेरित गर्न आवश्यक रहेको बताउँछन् । उनी स्थानीय तहले पनि पर्यटन व्यवसायीलाई सफ्टवेयर प्रयोगमा प्रोत्साहन गर्न विभिन्न सुविधा दिन आवश्यक रहेको उहाँको बुझाइ छ ।रासस

## नेप्से परिसूचक ४० अङ्कले वृद्धि हुँदा २१ अर्ब ८६ करोडको कारोबार

काठमाण्डु । यो साताको कारोबारको पहिलो दिन सोमबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा एक दशमलव ४७ प्रतिशतको वृद्धि देखिएको छ । नेप्से परिसूचक ४० दशमलव ७६ अङ्कले बढेर सोमबार दुई हजार सात सय ९६ दशमलव ३८ को बिन्दुमा कायम भएको हो ।


सोमबार तीन सय २६ कम्पनीको चार करोड ९७ लाख ७३ हजार सात सय ३० कित्ता शेयर दुई लाख ३८ हजार ७८ पटक खरिदबिक्री हुँदा रु २१ अर्ब ८६ करोड ४९ लाख ९२ हजार दुई सय ७७ बराबरको कारोबार भएको छ ।होटल तथा पर्यटन समूहको उपसूचक सोमबार सबैभन्दा धेरै छ दशमलव ६९ प्रतिशतले बढेको छ । त्यस्तै, जलविद्युत् समूह तीन दशमलव ०९, लगानी तीन दशमलव ५२, जीवन बीमा तीन दशमलव २३, जीवन बीमा एक दशमलव २५, व्यापार पाँच दशमलव ७० र अन्य समूह पाँच दशमलव ७३ प्रतिशतले बढेको छ । अरु समूहको उपसूचक भने रातो देखिएको छ ।

आठवटा कम्पनीको शेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ । रुरु जलविद्युत् परियोजना लिमिटेड, सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड, भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा भने सोमबार नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सोमबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब २६ करोड चार लाख ८८ हजार सात सय ७२ बराबरको १५ लाख ४९ हजार ९८ कित्ता शेयर किनबेच भएको छ ।रासस

# हलेसीमा डेढ करोड लगानीको हवन कुण्ड सञ्चालन

खोटाङ । त्रिधार्मिकस्थल हलेसीमा निर्माण गरिएको हवन कुण्ड (देव कार्यमा घ्यू, चरु आदि अग्निमा आहुति दिने ठाउँ) सञ्चालनमा ल्याइएको छ । कोशी प्रदेश सरकारले उपलब्ध गराएको भ्याटसहित रु एक करोड ४४ लाख ८४ हजार चार सय ९० लगानीमा निर्माण गरिएका दुई हवन कुण्ड आजदेखि सञ्चालनमा ल्याइएको हो ।



गत वैशाख ४ गते सम्झौता गरेर निर्माण सुरु गरिएको हवन कुण्ड गत असार १६ गतेसम्ममा सम्पन्न गर्नेगरी वासु कन्स्ट्रक्सन एन्ड सप्लायर्स सोलुखुम्बुले ठेक्का लिएको थियो । हिन्दू, बौद्ध र किराँत धर्मावलम्बीको सङ्गमस्थल हलेसीमा हवन कुण्ड निर्माण गरेर सञ्चालनमा आएपछि पूजाआजा गर्ने भक्तजनलाई सहज भएको हलेसी तुवाचुङ नगरपालिकाका नगर प्रमुख विमला राईले बताउनुभयो । त्रिधार्मिकस्थल हलेसी गुफाको प्रमुख प्रवेशद्धारको बाँयापट्टि निर्माण गरिएको हवन कुण्ड कोशी प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री केदार कार्कीले सोमबार औपचारिक उद्धाटन गर्नुभयो । निवर्तमान मुख्यमन्त्री कार्कीले नवनिर्मित हवन कुण्डको शिलालेख वाचन गरेर, हवन कुण्डको प्रवेशद्वारमा राखिएको रिबन काटेर तथा हवन कुण्डमा पूजा गरेर औपचारिकरुपमा उद्धाटन गर्नुभएको हो ।

औपचारिक उद्धाटनपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै निवर्तमान मुख्यमन्त्री कार्कीले त्रिधार्मिकस्थल हलेसी तीन धर्मको धार्मिक राजधानी भएको दाबी गर्नुभयो । "हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल भएको ठाउँ संसारमा कहीँ पनि छैन, हलेसी तीन धर्मको सङ्गमलस्थल भएकाले धार्मिक राजधानी हो", उहाँले भन्नुभयो, "त्रिधार्मिकस्थल हलेसीसहित पूर्वका तीन धार्मिकस्थलको प्रवर्द्धन गर्न आफू नेतृत्वको प्रदेश सरकारले योजना बनाएको छ, प्रदेश सरकारले बनाएको योजनामा हलेसी-बराहक्षेत्र र पाथीभरालाई जोडेर पर्यटन पवर्द्धन गर्ने उद्देश्य राखिएको छ, यसै योजनाअन्तर्गत त्रिधार्मिकस्थल हलेसीमा कोशी प्रदेश सरकारको सहयोगमा हवन कुण्ड निर्माण गरिएको हो, यसले विश्वको ध्यान केन्द्रित गर्दछ ।"

गत असार २० गते नै निर्माण सम्पन्न भएको हवन कुण्ड वैशाख २२ गते निवर्तमान मुख्यमन्त्री कार्की आफैँले शिलान्यास गर्नुभएको थियो । भुइँ ढलान तथा फलामे ट्रस प्रयोग गरेर निर्माण गरिएको हवन कुण्ड तोकिएको समयभन्दा चार दिनपछि ठेकेदार कम्पनीले नगरपालिकालाई हस्तान्तरण गरेको हो । धार्मिकरुपले मात्र नभई प्राकृतिकरुपले समेत विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसीको चौतर्फी विकासका लागि गुरुयोजना निर्माणको काम भइरहेको छ । विशाल चट्टान खोपिएर बनेको प्राकृतिक गुफा रहेको त्रिधार्मिकस्थल हलेसीको चौतर्फी विकासमा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारसँगै मन्दिर व्यवस्थापन समितिसमेत लागिपरेको छ ।

हलेसी आउने दर्शनार्थी तथा भक्तजनलाई लक्षित गर्दै मन्दिरभन्दा केहीमाथि दाँयापट्टि नेपाल आयल निगम र हलेसी तुवाचुङ नगरपालिकाको लगानीमा सुविधायुक्त अतिथिगृह (धर्मशाखा)समेत निर्माण गरिएको छ । आर्थिक वर्ष २०७६/७७ बाट निर्माण सुरु गरिएको अतिथिगृह सुरुमा सबै लगानी आयल निगमको हुने भनिएको थियो । आयल निगमबाट रु दुई करोडमात्र भुक्तानी भएपछि नगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा रु दुई करोड ९६ लाख बजेट विनियोजन गरेर अतिथिगृहको भौतिक संरचना निर्माण सम्पन्न गरिएको नगर प्रवक्ता एवं वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिनुभयो । करिब रु पाँच करोड लगानीमा सम्पन्न हुने अतिथिगृहको काम अन्तिम चरणमा पुगेको जनाइएको छ ।

यसैबीच, विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसीमा 'बोलबम' मेला सुरु भएको आज तेस्रो हप्ता अर्थात् तेस्रो (सोमबार) पनि उत्तिकै मात्रामा गेरुवस्त्रधारी दर्शनार्थी तथा भक्तजनको घुइँचो लागेको छ । हलेसी मन्दिर ओहोरदोहोर गर्ने बाटोमा सामूहिकरुपमा 'बोलबम' शब्द उच्चारण गर्दै पूजाआजा गर्ने भक्तजन तथा दर्शनार्थीको स¤ˆया पनि उत्तिकै मात्रामा देखिएका छन् । साउनको पहिलो सोमबारदेखि सुरु भएको बोलबम मेलाको अवसरमा पैदल तथा यातायातका सवारी साधनमार्फत दर्शनार्थी तथा भक्तजनहरु हलेसी आउने गरेका छन् । हलेसीमा लागेको बोलबम मेलामा नेपालका सिराहा, सप्तरी, धनुषा, जनकपुरधाम, झापा, विराटनगर, इलाम, भारतको सिक्किम, दार्जीलिङ, गान्तोक तथा भूटान, चीनको तिब्बतलगायत ठाउँबाट दर्शनार्थी एवं भक्तजन आएका छन् ।

हलेसीमा देश तथा विदेशबाट आएका हिन्दू धर्मावलम्बीहरुले नुहाएर व्रत बस्नाका साथै महादेव, पार्वती र गणेशलाई जल चढाएर पूजापाठ गर्ने प्रचलन रहेको हलेसी विकास समितिका अध्यक्ष गजुरमान राईले बताउनुभयो । मनोकाङ्क्षा पूरा हुने जनविश्वासका साथ हलेसीमा साउनको प्रत्येक सोमबार विभिन्न नदीबाट ल्याइएको जल चढाएर पूजाअर्चना गर्ने प्रचलन रहिआएको छ ।

बोलबमको अवसरमा हलेसी आउने विवाहित महिलाले आफ्नो श्रीमान्को दीर्घायु र परिवारको सुखसमृद्धिको कामना गर्दै तथा अविवाहित महिलाले असल श्रीमान् पाउने कामना गर्दै पूजाअर्चना गर्ने प्रचलन छ । पवित्र जल तथा बेलपत्रले शिवको पूजाआराधना गरे मनोकाङ्क्षा पूरा हुने र सुख तथा शान्ति मिल्ने विश्वास छ । बोलबमको अवसरमा हलेसी आएका दर्शनार्थीका कारण अहिले हलेसीका साना तथा ठूला होटलहरु भरिभराउ भएका छन् । साउन लागेयता हलेसी र जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने बाराहापोखरीमा हरियो कपडा, चुरा र मेहेन्दीमा सजिएका महिला तथा रातो गेरु रङ्गको पहिरनमा सजिएका पुरुषको समेत घुइँचो लागेको छ ।रासस


## धनौजी गाउँपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धनौजी, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।२१**

यस गाउँपालिकाको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफ्टवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# पूरक परीक्षालाई मर्यादित बनाइने



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीले मधेश प्रदेशमा शिक्षास्तर घट्नुमा हामी स्वयम् दोषी रहेको बताएकी छन् ।

सोमबार जनकपुरधाममा गुणस्तरीय शिक्षा रणनीतिसम्बन्धी छलफल कार्यक्रममा मन्त्री तिवारीले हामी र यहाँका अभिभावकले नै परीक्षालाई अमर्यादित बनाउने कार्यमा संलग्न रहेकाले हामीले शिक्षा नीतिमा सुधार ल्याई मधेशको शैक्षिक अवस्था र वातावरण सुधार गर्नुपर्ने आवश्यक रहेको बताइन् ।

उनले यही साउन २३ गतेदेखि सुरु हुन लागेको एसइइको पूरक (ग्रेडवृद्धि) परीक्षालाई मर्यादित बनाइने बताइन् ।

साउन ३१ गतेसम्म सञ्चालन हुने ग्रेडवृद्धि परीक्षा गराउने जिम्मा संघीय सरकारले प्रदेश सरकारहरूलाई जिम्मेवारी दिएको स्मरण गर्दै उनले पूरक परीक्षालाई मर्यादित बनाउने तर्फ आफू लाग्ने बताइन् ।

मधेश प्रदेश सरकारले समग्र बजेट विनियोजनको पाँच प्रतिशत मात्रै शिक्षाका लागि विनियोजन गरिएको भए पनि यही बजेट भित्र रहेर मधेशको शैक्षिक अवस्थालाई सुधार गर्नका लागि आफू लागि पर्ने बताइन् ।

उनले शिक्षा क्षेत्रमा बेथिति व्याप्त रहेको भन्दै शिक्षा क्षेत्र सुधारका लागि संघ र स्थानीय सरकारसंग समन्वय गरेर अघि बढ्न प्रदेश सरकार तयार रहेको बताइन् ।

संघीय र स्थानीय सरकारसंग समन्वय गरेर अघि बढ्न समय लाग्ने हुँदा प्रदेश सरकारले आफैले गर्न सक्ने काम तत्काल अघि बढाइने उनको भनाइ थियो ।

उनले आफू सेवासुविधाका लागि मन्त्रालयमा नबसेर उपलब्ध स्रोत साधनबाट काम गर्न खोजेको समेत बताइन् ।

शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त सचिव महेन्द्र महतोको अध्यक्षतामा भएको सो कार्यक्रममा सहभागीहरुले मधेशमा नीतिगत रूपमा शिक्षामा विभेद रहेको बताए ।

# २५ वर्षपछि खानेपानी योजना सञ्चालन

जिल्लाको धनुषाधाम नगरपालिका-४ स्थित लक्ष्मीपुरमा खानेपानी योजना सञ्चालनमा आएको छ । २०५६ सालमा सरकारको लगानीमा सुरु भएको सो खानेपानी योजना सोमबारबाट सञ्चालनमा ल्याइएको छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाममा निर्माण गरिएको २५ वर्षपछि खानेपानी योजना सञ्चालनमा ल्याइएको छ ।

जिल्लाको धनुषाधाम नगरपालिका-४ स्थित लक्ष्मीपुरमा खानेपानी योजना सञ्चालनमा आएको छ । २०५६ सालमा सरकारको लगानीमा सुरु भएको सो खानेपानी योजना सोमबारबाट सञ्चालनमा ल्याइएको छ ।



तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय धनुषाले पाँच वर्षभित्र योजना सम्पन्न गर्ने लक्ष्यसहित काम सुरु गरेको थियो । यस अवधिमा योजनाको चार वटा उपभोक्ता समिति परिवर्तनसमेत भइसकेको छ ।

धनुषाधाम नगरपालिका-४ का वडाध्यक्ष मनोज यादवले ढिलै भए पनि खानेपानी योजना सञ्चालनमा आएपछि खुसी लागेको बताए । योजना सञ्चालनमा ल्याउन आफूले पनि निकै दौडधुप गरेको बताए । उनले भने, "यत्रो वर्ष किन सञ्चालनमा आएन त्यतातिर नजाऔं । यसको दोष म कसैलाई दिन चाहन्न । जनताले शुद्ध पानी पाउने भए त्यसमै खुसी छु ।" यहाँको पानी चापाकल, इनार र कुवाभन्दा शुद्ध हुने हुँदा धाराको पानी अधिकतम उपभोगमा ल्याउन स्थानीयलाई वडाध्यक्ष यादवले आग्रह गरे ।

खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका वर्तमान अध्यक्ष विजय यादवले निकै प्रयासपछि खानेपानी योजना सञ्चालन सफल भएको बताए । योजना सञ्चालनमा आएपछि लक्ष्मीपुर, सर्सा, केशरकुट्टी र चिरैयालगायतका गाउँ गरी सात सय घुरधुरी यस योजनाबाट लाभान्वित हुने जानकारी दिए ।

अध्यक्ष यादवले भने, "पहिला पानीको समस्या भएको बस्तीमा पानी पुऱ्याउँछौं । अहिलेसम्म करिब तीन किलो मिटरमा मुख्य पाइपलान बिस्तार गरिएको छ । आवश्यकता अनुसार थप पाइपलाइन विस्तार गर्ने योजना छ ।" वर्षौदेखि दूषित पानी खान बाध्य यहाँका जनता अबदेखि स्वच्छ खानेपानी उपयोग गर्न पाउने उनले बताए । अध्यक्ष यादवले अहिलेसम्म परीक्षणको रूपमा १० घरमा निजी धारा जडान गरिएको बताउँदै अबदेखि धमाधम घरमा धारा जडान गर्ने बताए ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले खानेपानी वितरणका लागि एक लाख २५ हजार लिटर क्षमताको ओभरहेड ट्यांकी र एउटा डिप बोरिङ निर्माण गरिदिएको छ । त्यसलगायत कार्यालय भवन, कर्मचारी बस्ने घर निर्माण गरेको छ ।

खानेपानी योजना सञ्चालन भएपछि स्थानीयबासी निकै खुसी देखिएका छन् । स्थानीयबासी एवं नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका धनुषाका संयोजक दीपक यादवले पूर्व उपभोक्ता समितिका पदाधिकारीको ढिलासुस्ती र समयमा पर्याप्तता बजेट उपलब्ध नहुँदा योजना सम्पन्न हुन लामो सयम लागेको बताए । कुनै पनि योजना समयमा सक्न योजना निर्माण समिति सक्रिय भएर लाग्नुपर्ने सरकारले पनि पर्याप्तता बजेट विनियोजन गर्नुपर्ने उनले बताए ।

## मेला हेर्न हिडेका दुई जना बेपाता

**अनिल तिवारी**

वीरगञ्ज । पर्सा राष्ट्रिय निकुञ्जबाट दुई जना बेपाता भएका छन् । पर्सा जिल्लासंग सीमानाका जाडिएको राष्ट्रिय निकुञ्जमा रहेको भाठा मेलामा दर्शन गर्न आउने क्रममा मकवानपुरका दुई जना सम्पर्कविहीन भएका छन् । प्रत्येक वर्षभैं यसवर्ष पनि भाठामा लागेको श्रावणी मेला हेर्न आउँदै गरेका दुवैजना बेपता भएका छन् ।

ठोरीको जंगल बाटो भएर आइरहेका ६ जनामध्ये ४ जना आफन्तको सम्पर्कमा आए पनि दुई जना शीतलपुर खोलाबाट वेपता भएको ईलाका प्रहरी कार्यालय ठोरीले जनाएको छ ।

मकवानपुरको शितलपुर खोला र दुधेश्वर महादेव मन्दिर बीचमा पर्छ । सो खोला नजिकै हातिको बथान रहेको हुँदा दुईजनालाई हाथीले आक्रमण गरेको हुन सक्ने आशंका गरिएको छ ।

हराएका दुई जनालाई पर्सा राष्ट्रिय निकुञ्जका गढुवा लाइन पोस्ट, इलाका प्रहरी कार्यालय ठोरीको टोली सीतलपुर खोलातिर खोजी कार्य भइरहेको पर्साका प्रमुख प्रहरी उपरीक्षक कुमोद ढुंगेलले बताए । प्रहरी उपरीक्षक ढुंगेलले बताए अनुसार प्रहरीसंगै नेपाली सेना तथा वन रक्षक एवम् पर्सा राष्ट्रिय निकुञ्जको टोलीले खोजतलास गरिहका छन् । घनाजंगलको कारण खोला आसपास फोन नेटवर्क नभएकोले खोजतलासमा समस्यासमेत भइरहेको छ ।

# नियमित विद्युत् सप्लाई गर्न माग गर्दै आन्दोलित



**टुडे समाचारदाता**

बारा । बारा पचरौताका स्थानीयवासीहरु नियमित विद्युत् सप्लाइको माग गर्दै आन्दोलनमा उत्रिएका छन् । उनीहरु शनिबारदेखि नेपाल विद्युत् प्राधिकरण सिम्रौनगढ वितरण केन्द्रविरुद्ध आन्दोलन आन्दोलित भएका छन् ।

सोही अनुरुप सोमबार तेस्रो दिन पनि उनीहरुले नेपाल विद्युत् प्राधिकरण सिम्रौनगढको मुल गेट अगाडि धर्ना दिएका छन् । लामो समयदेखिको खडेरी समस्या, खेती योग्य जमिनमा समेत रोपाइँ नहुनु, पिउने पानीको हाहाकार लगायतका समस्याबिच अघोषित लोडसेडिङ हुँदा मारमा परेको पीडितहरुले गुनासो गरेका छन् ।

केही समयका लागि लाइन आए पनि भोल्टेज अभावले कृषि मोटर नचल्ने तथा सम्पूर्ण विद्युतीय् कामहरु ठप्प हुने भएकाले आन्दोलनमा उत्रिएको उनीहरुले बताएका छन् । पीडितहरुले कुलमान घिसिङ मुर्दावाद, प्रादेशिक प्राधिकरण प्रमुख मुर्दावाद, सिम्रौनगढ प्राधिकरण प्रमुख मुर्दावाद, हाम्रो माग पुरा गर लगायतका नारा लगाउदै प्रर्दशन समेत गरेका थिए । बतरा फिडर, पचँरौता फिडर र सिम्रौनगढ फिडरमा नियमित विद्युत् सप्लाइ र पूर्ण भोल्टेज उपलब्ध गराउन माग राख्दै आन्दोलित भएका छन् ।

# सीमलताल दुर्घटना अध्ययन कार्यदलले आज प्रतिवदेन बुझाउने

**टुडे समाचारदाता**

काठमाण्डु । चितवनको भरतपुर महानगरपालिका-२ ९ स्थित सीमलतालमा भएको दुर्घटनाबारे अध्ययन गर्न गठित कार्यदलले अध्ययन कार्य सम्पन्न गरेको छ ।

सो कार्यदलले आफ्नो अध्ययन प्रतिवेदन मंगलबार गृहमन्त्री रमेश लेखकलाई बुझाउने तयारी गरेको छ । मंगलबार प्रतिवेदन हस्तान्तरण गरिने कार्यदलका संयोजक सहसचिव छवि रिजालले बताए ।

असार २८ मा बागमती प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति र बागमती प्रदेश-०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स त्रिशुलीमा खसेर बेपत्ता भएका थिए । दुवै बस र ४० जना यात्रुको अवस्था अझै अज्ञात छ । बसमा सवार २५ जनाको शव भेटिएको छ ।

गृह मन्त्रालयका सहसचिव रिजाल नेतृत्वको कार्यदलमा नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक भुपेन्द्र खत्री र यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला सहितका प्रतिनिधिहरु सदस्य छन् । सो कार्यदलले 'प्राकृतिक प्रकोपको कारण दुर्घटना' भएको निष्कर्ष निकालेको छ ।

# आश्रमका लागि महायज्ञ सुरु




**टुडे समाचारदाता**

बर्दिबास । सडक मानव आश्रमका लागि 'हाम्रो मायाको घर' निर्माण गर्न बर्दिबासमा आयोजना हुने शिवपुराण महायज्ञ सुरु भएको छ ।

आयोजक शिवपुराण महायज्ञ मूल समितिका अध्यक्ष हिरा गौतमका अनुसार श्रावण शुक्ल प्रतिपदाको शुभसाइतमा शिवपुराण महायज्ञको उद्घाटन गरेको छ । यसक्रममा सोमबार बिहान कलशयात्राको आयोजना गरिने कार्यक्रम गरिएको छ । पुराण स्थलबाट एक हजारभन्दा बढी कन्याको सहभागी रहेको कलशयात्राले नगर परिक्रमा गरी रातु नदीबाट पवित्र जल लिएर पुनः पुराण स्थलमा पुगेपछि महायज्ञको उद्घाटन गरिएको थियो ।

महायज्ञलाई व्यवस्थापन गर्न विभिन्न २२ वटा उपसमिति गठन गरिएको 'हाम्रो मायाको घर' सञ्चालनका लागि गठित समितिका अध्यक्ष कृष्ण गौतमले जनाए । त्यसमध्ये आर्थिक, प्रचारप्रसार र बोर्ड संयोजक गरी तीन उपसमिति क्रियाशील छन् । महायज्ञमा एक लाखभन्दा बढी दर्शनार्थी सहभागी हुने अनुमान गरिएको छ । त्यस्तै आवश्यकता अनुसार स्वयंसेवक, भोजन व्यवस्थापनलगायतका समिति पनि सक्रिय हुँदै जाने उनले बताए ।

होटेल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले पुराणमा सहभागी हुने दर्शनार्थीका लागि भोजनमा १५ प्रतिशत तथा आवास (लजिङ) मा २५ प्रतिशत छुटको घोषणा गरेको छ । यसबाहेक आयोजकलाई सचिवालय उपलब्ध गराउनुका साथै पुराणमा सहभागी हुन आएका करिब ३० जनाको धार्मिक सांस्कृतिक टोलीलाई निःशुल्क भोजनको व्यवस्था मिलाइएको सङ्घका उपसचिव नारायण घिमिरेले बताए ।

अर्कोतर्फ महायज्ञमा सहभागी हुन आउने धर्मपरायण नरनारीका लागि बर्दीबासस्थित यातायात व्यवसायी सङ्घले प्रचलित भाडादरमा ३० प्रतिशत छुटको घोषणासमेत गरेको छ ।

अध्यक्ष कृष्ण गौतमले बताए अनुसार जसको कोही छैन त्यसका लागि हामी छौं भन्ने उदार चित्तले निर्माण गर्न लागिएको सो संस्थाप्रति सबैलाई प्रेरित गर्ने उद्देश्यले महायज्ञबाट यसको शुभारम्भ गरिएको छ । महायज्ञमा सहभागी हुन आउने दर्शनार्थीको सहजताका लागि मधेश प्रदेश उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले दुई थान घुम्ती शौचालय हस्तान्तरण गरेको छ । 'हाम्रो मायाको घर' का लागि १५ जना दाताले बर्दीबास-२ मा करिब डेढ करोड रुपैयाँ बराबरको साढे पाँच कठ्ठा जग्गा दान दिएपछि यसको निर्माण प्रक्रिया सुरु भइसकेको छ । बाहिरी पर्खाल निर्माणको काम सकिएको छ ।

दुवै भवन निर्माणका लागि आवश्यक ११ करोड रुपैयाँको स्रोत जुटाउने पहिलो अभियानको थालनी महायज्ञ आयोजन गरिएको छ ।

# व्यापार घाटामा कमी



**टुडे समाचारदाता**

वीरगञ्ज । देशको प्रमुख भन्सार नाका वीरगन्ज भन्सार नाकाबाट भारत तथा तेश्रो मुलुकतर्फको व्यापार घाटामा कमी आएको जनाएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा व्यापार घाटा करिब १२ प्रतिशतले कम भएको जनाएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत रघुलाल कर्णका अनुसार गत आवमा यो नाका हुँदै ६ खर्ब ९ अर्ब २८ करोड ११ लाख १४ हजार रुपैयाँ बराबरको मालवस्तु आयात र ३१ अर्ब ८५ करोड ७१ लाख २७ हजार रुपैयाँ बराबरको मालवस्तु निर्यात भएको जनाएका छन् । त्यस्तै गत आर्थिक वर्षमा यो नाकाबाट व्यापार घाटा ५ खर्ब ७७ अर्ब ४२ करोड रुपैयाँ रहेको छ ।

तर अघिल्लो आर्थिक वर्षको तुलनामा यो नाकाबाट हुने व्यापार घाटामा १२ दशमलव ७६ प्रतिशतले कमी आएको कर्णले बताए । अघिल्लो आर्थिक वर्षमा यो नाकाबाट ६ खर्ब ९९ अर्ब रुपैयाँ बराबरको मालवस्तु आयात भएकोमा ३७ अर्ब रुपैयाँ बराबरको मालवस्तु निर्यात भएका थिए । अघिल्लो आवमा व्यापार घाटा ६ खर्ब ६१ अर्ब रुपैयाँ मूल्य बराबरको रहेको थियो ।

यस नाकाबाट आयात हुने मुख्य वस्तुहरुमा इन्धन, नया सवारी साधन, औद्योगिक कच्चा पदार्थ, विद्युतीय सामग्री आदि बढी हुने गरेका छन् । त्यसैगरी, प्रशोधित पाम र भटमासको तेल, फलामे पाता, जमोठ कपडा, जुस जाम, च्यवनप्राश र जुत्ता आदि निकासी हुने गरेको जनाएको छ ।

कर्णले बताए अनुसार, भारत, चीन, अर्जेन्टिना, युक्रेन, ताइवान, सिंगापुर, इन्डोनेशिया आदि राष्ट्रसँग नेपालको आयात निर्यात व्यापार बढी हुने गरेको छ । उनले भने, 'भारत एक्लैसँग करिब ७६ प्रतिशत र भारत तथा चीनसँग गरेर करिब ८६ प्रतिशत आयात निर्यात व्यापार यो नाकाबाट हुने गरेको छ,' उनले अघि थप्दैं भने, 'बाँकी अन्य राष्ट्रसंग व्यापार हुने गरेको छ ।'

व्यापार घाटा बढ्ने र घट्ने कारणमा भारतले आयात निर्यात व्यापारमा लिने नीतिको पनि प्रभाव हुने गरेको कर्ण बताउँछन् । उनले आर्थिक मन्दीको असर समग्र आयात निर्यात व्यापारमा पनि परेकाले यो नाकाबाट हुने व्यापार घाटा कम भएको हुन सक्ने बताए ।

# आयुर्वेद चिकित्सालयमा बिरामी चाप

**टुडे समाचारदाता**

वीरगञ्ज । गत आर्थिक वर्षमा उपचार गर्ने बिरामीको सङ्ख्या अघिल्लो वर्षभन्दा तीन गुणाले वृद्धि भएको प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय वीरगञ्जले जनाएको छ ।

कार्यालयले आर्युर्वेद र वैकल्पिक चिकित्सासम्बन्धी विभिन्न रोगको सेवा थप गरेसंगै बिरामीको संख्यामा वृद्धि भएको छ । आर्थिक वर्ष ०८०/०८१ मा ५५ हजार एक सय ७६ जना बिरामीले उपचार गराएका छन् । गत आर्थिक वर्ष २०७९/८० मा १७ हजार छ सय २९ जना बिरामीले उपचार गराएका थिए ।

चिकित्सालय प्रमुख डा. शिवनारायणप्रसाद गुप्ताले कार्यालयले नयाँ सेवा थप गरेसँगै अघिल्लो वर्षको तुलनामा तीन गुणा धेरैले उपचार पाएको जानकारी दिए ।

कार्यालय प्रमुख डा. गुप्ताले बताए अनुसार अघिल्ला वर्षमा दैनिक १०-१५ जना बिरामी आउने गरेकामा हाल दैनिक ६० देखि ८० जनासम्म आउने गरेका छन् । विशेष गरी जोर्नीसँग सम्बन्धित रोगका धैरै बिरामी उपचारका लागि आउने गर्छन् ।'



चिकित्सालयले बहिरंग सेवा, ज्येष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन सेवा, स्तनपायी आमा दूधवर्धक औषधि वितरण, योग, पञ्चकर्मअन्तर्गत पूर्वकर्म कार्यक्रम, ल्याब सेवा, क्षारसुत्र, क्षारकर्म, अग्निकर्म, जलौकावचरण (लिच थेरापी) र मर्म थेरापीलगायत सेवा दिइरहेको छ ।

उनले आर्थिक वर्ष ०८०/०८१ मा बहिरंग सेवा लिने बिरामीको संख्या ४० हजार ७१ रहेको छ । ज्येष्ठ नागरिक सेवा लिनेको संख्या तीन हजार दुई सय ८८, स्तनपायी आमा सेवा लिने दुई सय ७४, पूर्वकर्म सेवा लिने चार हजार चार सय ६६, अग्निकर्म सेवा लिनेको संख्या पाँच सय ४३ जना रहेका छन् । जलौकावचरण (लिच थेरापी) सेवा लिनेका संख्या दुई सय २२ रहेको छ । त्यस्तै योग सेवा लिनेको संख्या चार हजार चार सय ७३, शिराभेद र अन्य सेवा लिनेको संख्या दुई हजार २६ र क्षारसूत्र सेवा लिने बिरामीको संख्या १३ रहेको छ ।

आर्थिक वर्ष ०७९/०८० मा भने बहिरंग सेवा लिने बिरामीको संख्या १२ हजार ९ सय ९२ रहेको थियो । त्यस्तै स्तनपायी सेवा लिने बिरामीको संख्या दुई सय ६०, ज्येष्ठ नागरिक सेवाका बिरामीको संख्या एक हजार ३८, पूर्वकर्म/पञ्चकर्म सेवा लिनेको संख्या दुई हजार छ सय ७७ र स्वास्थ्य शिविरमा उपचार सेवा लिने बिरामीको संख्या छ सय ६२ रहेको थियो ।

बिरामीकोदर्ताअनलाइनमार्फत गरिरहेको चिकित्सालयमा पायल्स र फिस्टुलासम्बन्धी शल्यक्रिया पनि गर्दै आइरहेको जनाइएको छ । सोका लागि शय्या सेवा निःशुल्क र शल्यक्रिया शुल्क सात हजार लाग्ने गरेको छ ।

# नलकटुवा पेस्तोलसहित पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा नलकटुवा पेस्तोलसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्लाको गढीमाई नगरपालिका-१ स्थित समनपुर गाउँबाट आइतबार प्रहरीले नलकटुवा पेस्तोलसहित समनपुर गाउँका ५१ वर्षीय वीरेन्द्र राउतलाई पक्राउ गरेको छ ।

उनलाई कटुवा पेस्तोलसहित घरबाटै पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय गौरका प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् । उनले भनिन्, 'घर अगाडि आगनको झारमा लुकाएर राखेको अवस्थामा कटुवा पेस्तोल फेला पारेका हौं,' उनले भनिन्, 'उक्त बन्दुक कहाँबाट ल्याएको भन्नेबारे अनुसन्धान भइरहेको छ ।'

राउतले कटुवा पेस्तोल राखेको सूचना पाएपछि ईलाका प्रहरी कार्यालय गरुडाको टोली उनको घर पुगेको थियो । त्यसपछि प्रहरीले घरभित्र सर्च गरेको थियो । पेस्तोल फेला पारेपछि राउतलाई तत्कालै नियन्त्रणमा लिई सोधपुछ गरेको उनले बताइन् ।

## फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

बारा । जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी कलैया उपमहानगरपालिका-६ स्थित मदरसाटोलका २७ वर्षीय ईम्तियाज अन्सारीलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ ।

बारा जिल्ला अदालतबाट सो मुद्दामा ९ वर्ष ६ महिना १५ दिन कैद सजाय ठहर भई फरार रहेका उनलाई अस्थायी प्रहरी पोष्ट बसपार्क कलैयाबाट खटिएको प्रहरीले पक्राउ गरेको छ । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत बारामा पेस गरिएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८